उपभोक्ता अधिकारको रक्षा गरौं
- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाइको अधिकार हुन्छ ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानि पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ ।

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरूपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० चैत २९ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 11 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२०

गहुँ कटानीको अन्तिम समयमा हार्भेस्टरको भाउ बढ्यो

प्रस, सेढवा, २८ चैत /

पर्साको ग्रामीण भेगमा दोस्रो मुख्यबाली गहुँ भित्र्याउने चटारो लागेको छ । यसैबीच हार्भेस्टर मेशीनका साहु तथा गहुँ खरीद गर्ने व्यापारीहरूले आफूहरूलाई खुलेआम ठगी गरिरहेका किसानहरूको आरोप छ ।

तस्वीरः प्रतीक

यस अघि हार्भेस्टर मेशीनले गहुँ कटानी गर्दा साहुले प्रतिबिघा तीन हजार आठ सय रुपैयाँ लिएका थिए । तर अहिले हार्भेस्टरका साहुहरूले एक बिघा गहुँ कटानी गर्न छ हजार चार सय रुपैयाँ वा चार मन (एक क्वीन्टल ६० किलो) गहुँ लिने गरेका जीराभवानी गाउँपालिका-१ का किसान धर्मराज महतोले बताए ।

गत आइतवार हार्भेस्टर मेशीनले गहुँ कटानी गरेबापत प्रतिबिघा एक क्वीन्टल २० किलो लिएका साहुहरूले अहिले प्रतिबिघा एक क्वीन्टल ६० किलो लिन थालेको उनले बताए । यसका साथै हार्भेस्टर मेशीनको भाडाबापत गहुँ लिंदा प्लास्टिकको बाल्टिन वा कठराबाट अनुमानितरूपले गहुँ असुली गरेको किसानहरूको भनाइ छ । १० किलो गहुँ अटाउने भाडो भनी १२-१३ किलो गहुँ लिई दिनदहाडै ठग्ने काम भएको उनले दुःखेसो पोखे ।

पटेर्वासुगौली गापा-४ उत्तर सुगौलीका प्रमोद गौरोले हार्भेस्टर मेशीनका साहुहरूले प्रतिबिघा दुई क्वीन्टल गहुँ लिएर कटानी गरिरहेको बताए । त्यसमा पनि मेशीनका साहुहरूले ढक-तराजुको प्रयोग गरी जोखेको गहुँ लिन नमानेको गौरोले बताए । उनीहरूले गहुँ नाप्न छुट्टै भाँडो ल्याएर गहुँ नापेर लिने गरेको बताए ।

ठोरी गापा-५ सुवर्णपुरका हीरा योञ्जनले व्यापारीहरूले किसानको उत्पादन जोख्नमा पनि ठगी गरेको बताए । काठको डन्डो भएको तराजुबाट सामान जोख्दा पाँच किलोग्राममा कम्तीमा एक पाउ (२५० ग्राम) बढी व्यापारीहरूले लैजाने गरेको योञ्जनले बताए ।

त्यसमा पनि अन्न भएको पल्लालाई जोख्ने मानिसले हातले उचाल्ने गर्दा एकपटकमा आधा किलोसम्म बढी लैजाने गरेको उनले बताए । तौलभन्दा बढी जोख्नका लागि व्यापारीहरूले चोर्न सिपालु कामदारहरूलाई लगाएको किसानहरूले गुनासो गरेका छन् ।

सबै क्षेत्रमा इमानदारिताको सङ्कट-एमाले नेता रिमाल

प्रस, वीरगंज, २८ चैत/

नेकपा एमालेका उपमहासचिव विष्णु रिमालले नेपालका सबै क्षेत्रमा इमानदारिताको सङ्कट परेको बताएका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घको ५८औं वार्षिक साधारणसभामा बोल्दै नेता रिमालले राजनीतिक, सामाजिक, निजी, सामुदायिक सबै क्षेत्रमा इमानदारिताको खाँचो परेको जिकिर गरे । उनले इमानदारिता अहिले समाजमा प्रश्नको घेराभित्र छ, हरेक क्षेत्र अहिले प्रश्नको घेरामा छ, को कति इमानदार भन्ने प्रश्न उठेको छ, यसले एक किसिमको निराशा बढेको बताए । उनले समाजमा निराशा बढे पनि आफूले भने यति धेरै निराश हुनुपर्ने अवस्था नरहेको बताए ।

उनले के गर्दा काम गर्ने ठाउँमा एकले अर्कालाई उत्साह भर्न सकिन्छ त्यसतर्फ लाग्नुपर्ने सुझाए । उनले आजको समस्या आपसी विश्वासको समस्या रहेको बताउँदै अहिले विश्वासमा ठूलो खाडल रहेको बताए ।

मुलुक अहिले समस्यामा रहेकोले समाधानको लागि सिङ्गो नेपाली जनता एक हुनुपर्ने बताए । जनताको मनोबल बलियो पार्न सकियो भने सबै खालका समस्या समाधान गरेर अघि बढ्न सकिने उनले बताए ।

नेता रिमालले नेपालका सबै राजनीतिक दलले शासन सञ्चालन गरिसकेकाले कसले कस्तो काम गर्‍यो भन्ने कुरा व्यवसायी र विद्वत्वर्गको बीचमा प्रस्ट रहेको जिकिर गरे । म भएको भए यसो गर्थें भनेर कसैले मीठा कुरा गर्न जरुरी नरहेको उनको तर्क थियो ।

झिल्के कुरा गर्ने मानिसहरू चाँडै बिक्ने र ओझिलो कुरा बोल्ने मानिसहरू ओझेलमा परेको स्थिति अहिले रहेको भन्दै झिल्के कुराले देशलाई अघि बढाउन नसक्ने बताए ।

सवा ४६ लाखको सामान बरामद

प्रस, वीरगंज, २८ चैत/

जिल्ला प्रहरी कार्यालय, बारा अन्तर्गतका प्रहरी युनिटले मङ्गलवार राति सवा ४६ लाख बराबरका खुद्रा सामानहरू बरामद गरी राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरेको बारा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताएका छन् ।

प्रवक्ता न्यौपानले जीतपुरसिमरा उपमहानगरपालिका-७ स्थित इलाका प्रहरी कार्यालय जीतपुरले हिजो राति सवा ११ बजे वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको एउटा मिनीट्रक नियन्त्रणमा लिएर चेकजाँच गर्दा करीब २३ लाख ४१ हजार बराबरका खुद्रा सामान बरामद भएको बताए । यसैगरी, जीतपुरसिमरा उपमहानगर-१ स्थित पथलैया प्रहरी चौकीले अबेर राति डेढ बजे वीरगंजबाट सिन्धुलीतर्फ गइरहेको एउटा ट्रक रोकी चेकजाँच गर्दा २२ लाख ८४ हजार बराबरका खुद्रा सामान बरामद भएको बताए । उनले बरामद सामान र ट्रकलाई बुधवार राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरिएको जानकारी गराए ।

अन्सारी र साहलाई थप पाँच दिन हिरासतमा राख्ने अदालतको आदेश

साहलाई रिहा नगरे सङ्घर्ष गर्ने मेडिकल एशोसिएशनको चेतावनी

प्रस, वीरगंज, २८ चैत/

नेशनल मेडिकल कलेजका सञ्चालक शाहनबाज अन्सारी र प्रयोगशाला प्रमुख डा सञ्जय साहलाई पर्सा जिल्ला अदालतले कालोबजारी मुद्दामा थप पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न प्रहरीलाई म्याद दिएको छ ।

हिजो पर्सा जिल्ला अदालतले दुवैलाई दुई दिन हिरासतमा राखेर अनुसन्धान गर्न म्याद दिएको थियो । प्रहरीले आज अदालतसँग थप समय माग गरेकोमा पाँच दिनको समय प्रदान गरेको हो । भोलि ईदको सार्वजनिक बिदा, पर्सि शुक्रवार आधा दिन अदालत सञ्चालन हुने र सोको भोलिपल्ट शनिवार परेकोले थप पाँच दिनको म्याद अदालतले थप गरेको बुझिएको छ । अब प्रहरीले आइतवार अभियुक्तद्वयविरुद्ध अदालतमा कालोबजारीमा मुद्दा दायर गर्ने देखिन्छ ।

वीरगंज महानगरको बजार व्यवस्थापन तथा अनुगमन समितिले गत सोमवार नेशनल मेडिकल कलेज एन्ड शिक्षण अस्पतालको प्रयोगशालामा छापामारी गरेपछि मिति गुज्रिएका केमिकलहरू बरामद भएको थियो । सोही अभियोगमा जिल्ला प्रहरी कार्यालय, पर्साले सञ्चालक अन्सारी र प्रयोगशाला प्रमुख डा साहलाई नियन्त्रणमा लिएर कालोबजारीमा मुद्दा चलाउन लागेको हो । सञ्चालक अन्सारी सोमवारदेखि वीरगंज हेल्थकेयर अस्पतालको आइसियूमा भर्ना छन् भने प्रयोगशाला प्रमुख डा साह प्रहरी हिरासतमा छन् । यसैबीच, नेपाल मेडिकल एशोसिएशन वीरगंज शाखाले विज्ञप्ति प्रकाशित गरी एशोसिएशनका आजीवन सदस्य डा साहलाई अविलम्ब रिहाइको माग गरेको छ ।

तस्वीरः फाइल

प्रक्रियागत त्रुटिका बारेमा सम्बन्धित निकायबाट कारबाही हुने घटनामा प्रहरीले नियन्त्रणमा लिएर कानूनविपरीत मुद्दा चलाउन खोजेको भन्दै रिहा नगरे सङ्घर्षमा उत्रने एशोसिएशनका सचिव डा नौशाद हकले विज्ञप्ति जारी गर्दै चेतावनी दिएका छन् ।

महानगरले सडक निर्माणका लागि अतिक्रमण हटायो

प्रस, वीरगंज, २८ चैत/

वीरगंज महानगरपालिका कार्यालयले सडक अतिक्रमण हटाएको छ ।

सडक डिभिजन कार्यालयले रु २६ करोडको लागतमा सुक्खा बन्दरगाहदेखि इटियाही, मनियारी हुँदै गण्डक सिंचाइ नहरसम्मको कालोपत्र सडकमा पर्ने अतिक्रमण हटाएको नगरप्रमुखका सचिवालय सदस्य हरि पोखरेलले बताए ।

उनले बिहीवार वीरगंज महानगरपालिका-२२ मनियारीटोलमा सडक अतिक्रमण गरी बनाइएका एक दर्जन बढी पक्की, खपडा र टिनको छानो रहेको संरचना हटाइएको बताए ।

सडक डिभिजन कार्यालय, हेटौंडाले ३२ फिट फराकिलोमा कालोपत्र सडक र नाला निर्माण गर्दै आएको र सो क्रममा मनियारीमा अतिक्रमित क्षेत्र खाली गराइएको पोखरेलले बताए ।

तस्वीरः प्रतीक

अतिक्रमण हटाउन नगरप्रमुखका जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, नगर प्रहरी इन्चार्ज हरि भुसाललगायतको सहभागिता थियो ।

आगलागीपीडितलाई सहयोग

प्रस, वीरगंज, २८ चैत/

वीरगंज कपडा बैंकले धोबिनी गाउँपालिका-३ गुलरियाका आगलागीपीडितहरूलाई राहत वितरण गरेको छ । कपडा बैंकका उपाध्यक्ष प्रकाश थारूको अगुवाइमा अध्यक्ष लालबाबू सिंह र सदस्य नवराज भट्टराईले आगलागीपीडित राजेन्द्र पटेल, फणिन्द्र पटेल, हनिफ मियाँ, मनिफ मियाँ, रवीन्द्र पटेलका परिवारलाई दुई बोरा नयाँ/पुराना कपडा, एक बोरा नयाँ/पुराना भाँडाकुँडा, म्याट र नगद पाँच हजार सहयोग हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा प्रहरी सहायक निरीक्षक तोजेन्द्र क्षत्री, पूर्वप्रनि ललनप्रसाद कुर्मी, ब्लू हेभेन एकेडेमीका सञ्चालक सुदिल पटेल, स्थानीय समाजसेवी केदार पाण्डेलगायतको सहभागिता थियो ।

विद्युत् सर्ट सर्किट भएर आगलागी हुँदा करीब ३० लाख रुपैयाँभन्दा बढीको धनमाल जलेर नष्ट भएको पीडितहरूले बताएका छन् ।

तस्वीरः प्रतीक

वृद्धाश्रम शिलान्याससम्बन्धी सूचना

ॐ श्री हनुमान वृद्धाश्रमको भवन निर्माणका लागि शिलान्यास हुन गइरहेको छ । तिलावे पुलभन्दा दक्षिण, झौवा-अमरपट्टि जाने बाटोभन्दा पूर्व र तिलावे नदीभन्दा पश्चिम निर्माण हुन गइरहेको वृद्धाश्रम भवन-शिलान्यास कार्यक्रममा यस संस्थाका सम्पूर्ण संस्थापक तथा अन्य सबै श्रेणीका सदस्यहरूलाई निम्नानुसार उपस्थित हुन अनुरोध छ ।

मिति : २०८१ साल वैशाख १ गते शनिवार

समय : बिहान ९ बजे

विचारसार एवं सूक्तिहरू

गाडीमा ब्रेक छैन भने दुर्घटना निश्चित छ, जीवनमा यदि संस्कार र मर्यादा छैन भने पतन निश्चित छ, यो नै विधिको विधान हो।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

गरीबी पनि आगलागीको कारण

चैत हावाहुरी चल्ने महीना हो। बर्सेनि यो महीनामा हावाहुरी चल्छ र सँगै आगलागीका घटना पनि हुने गरेका छन्। कुनै बेला पर्सा जिल्लाको अठराह सुगौली हाल वीरगंज महानगरपालिका-२६ सुगौलीमा व्यापक आगलागी हुन्थ्यो। यस्तो कुनै पनि वर्ष हुन्थेन सो गाउँमा आगलागी नभएको होस्। आगलागीका घटना पनि अचम्मको हुन्थ्यो। एकपटकमा चार सयसम्म घरमा आगलागीका घटना भएको तथ्याङ्क छ। सुगौलीका मानिसहरू प्रायः घर बनाउने, धारा जडान गर्ने काममा तीन दशक अघिदेखि सक्रिय थिए। बिहान, दिउँसो, साँझ र राति जुनसुकै बखत आगलागीका घटना त्यहाँ हुन्थ्यो। त्यहाँका मानिसहरू घरबाहिर काममा निस्कँदा घरको चिन्तामा हुन्थे कि कुन बखत आगलागीको सूचना आउँछ र घरतर्फ कुद्नुपर्छ। भूतले आगो लगाउने गरेको कुरा पनि बाहिरिएको थियो। अन्धविश्वासका कारण उतिखेर टोलमा रहेका दलितहरू मुहसर, चमार, दुसाधलाई गाउँ निकाला पनि गर्ने काम पनि भएको थियो।

तन्त्र विद्या जान्नेलाई बोलाएर पशुबलि दिएर गाउँमा भोज गर्ने, पशुको हाड सङ्कलन गरेर त्यसलाई गाडेर भूत भगाउने जुक्तिहरूको प्रयोग गरिएको थियो। तर यी सब विद्या अपनाउँदा पनि आगलागीका घटना रोकिएन। एक वर्ष हुन्थेन भने अर्को वर्ष आगलागी हुन्थ्यो। चैत महीनाअगावै त्यहाँका मानिसहरू घरबाट बाहिर खेतमा सामानसहित बस्ने गर्थे। अहिले त्यो अवस्था छैन। निरन्तरको आगलागी फुस, खपडा आदि घरमा हुने तर पक्की घरमा नहुने देखेर त्यहाँ एकपछि अर्को गरी पक्की घरहरू बन्न थाले अहिले नतीजा सबै सामु छ। सुगौलीमा आगलागीका घटना सुन्न पाइएको छैन। विद्युत् सर्ट सर्टिकबाट हुने आक्कलझुक्कलबाहेक। सुगौलीवासीले आगलागीबारेमा अन्धविश्वास पालेर बसेका थिए। त्यतिखेर सञ्चारको यत्रो जगजगी पनि थिएन। सचेतनाका काम वन, वडा आदिबाट हुँदैनथियो। रेडियो, एफएम, टेलिभिजनमा मानिसहरूको यत्ति पहुँच बनिसकेको थिएन। साहु महाजन, धनाढ्यको पङ्क्तिमा रहेकाहरूबाहेक आम मानिसको पक्की घर पनि थिएन। फुस, खपडाको छानो भएका घरहरूको बोलवाला थियो र आगलागी पनि त्यस्तै घरमा हुन्थ्यो। अहिले पनि आगलागीका घटना प्रायः फुस, काठ र खपडाका घरहरूमा हुने गरेको छ। मधेस प्रदेशका आठ जिल्लामध्ये अहिले धेरैजसो आगलागीका घटना दलित समुदाय भएको बस्तीमा हुँदै आएको छ। उनीहरू अहिलेसम्म तीन तहका सरकारबाट उपेक्षित छन्।

सरकारले ल्याएको जनता आवास कार्यक्रममा उनीहरू पर्न सकेनन्। किनभने अधिकांश दलित अहिले पनि भूमिहीन छन्, उनीहरूले भोग गर्दै आएका जग्गा पनि उनीहरूको नाममा छैन। जग्गा नभएकाहरूलाई जनता आवास कार्यक्रमले छुँदैन। केही संस्थाहरूले थोरै सङ्ख्यामा विभिन्न स्थानहरूमा पक्की घर बनाएका छन्। तर प्रदेशमा लाखौं सङ्ख्यामा रहेका यो समुदायका मानिसहरू थोरै मात्र त्यसमा अटाउन सकेका छन्। शिक्षामा पहुँच बनिसकेको छैन, [redacted] जेलिएका छन्, आर्थिक सङ्कटका
लामजदूरी गरेर जीविकोपार्जन
वस्थाका दलितहरूको जीवनशैलीमा
स्तो अवस्थामा उनीहरूको बसाइ
रहेको छ र आगलागीका अनेक
पनि हो भन्न सकिन्छ।

सामाजिक दृष्टिले २०८० को मूल्याङ्कन

स्वतन्त्र विचार

सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

हिमाल तथा पहाडका जिल्लाहरूमा मानिसको सङ्ख्या कम भइरहेको र धेरै विद्यालयमा विद्यार्थीको उपस्थिति न्यून बनेका समाचारहरू निरन्तर आइरहे। पहाडका कतिपय नगरपालिकाको जनसङ्ख्या गत दश वर्षको अवधिमा उल्लेख्य मात्रामा कम भएको पाइएको छ।

अब २०८० इतिहास बन्दैछ। इतिहासको मूल्याङ्कन इतिहासले नै गर्दछ। यस वर्ष देशमा धेरै कुराहरू भएका छन्। यहाँ राजनीतिक दृष्टिकोणले होइन, मुख्यतः सामाजिक दृष्टिकोणले २०८० को मूल्याङ्कन गर्ने प्रयास गरिएको छ तर आर्थिक दृष्टिकोणले पनि अलिकति हेर्ने प्रयास गरिन्छ। यस वर्ष देशले केही उपलब्धिहरू हासिल गरेको छ। यस वर्ष नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालित भएको छ। निर्माण भएर सञ्चालन भएको समयदेखि यो वर्ष नै पूर्ण क्षमतामा सञ्चालन भएको हो। नेपालको आन्तरिक हवाई उडानमा पर्याप्त यात्रुले यात्रा गरेका छन्। अपेक्षित विदेशी पर्यटकहरूले नेपाल भ्रमण गरेका छन्। देशबाट बिजुली निर्यात राम्रो भएको छ। देशमा पहिलेको तुलनामा जति पेट्रोलियम पदार्थ बढ्दो दरमा आउँथ्यो, त्यसमा केही कमी आएको छ। देशमा बिजुलीमा चल्ने गाडीहरूको प्रयोगमा वृद्धि भइरहेको छ।

समाजमा २०८० को मिश्रित प्रभाव परेको देखिएको छ। देशमा कुनै उल्लेख्य परिवर्तन नभए पनि एक दुई क्षेत्रमा भने निकै परिवर्तन भएको छ जसको सामाजिक प्रभाव बेजोड देखिएको छ। सबैलाई थाहा छ, यस वर्षको सबैभन्दा चर्चित प्रसङ्ग मिटर ब्याज नै रह्यो। काठमाडौं केन्द्रित आन्दोलन त मिडियामा बढी चर्चामा थिए नै, जब पीडितहरूसित निवेदन माग भयो र हजारौंको सङ्ख्यामा पहिले जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता भयो त्यसपछि समाजमा अनेक किसिमले प्रभाव परेको देखियो। मिटर ब्याज पीडितहरूले जसरी निवेदन दर्ता गराए र केही हदसम्म जसरी प्रशासनले मुद्दा फछ्र्योट गर्ने काम गऱ्यो त्यसले एकातिर अन्यायमा परेका धेरैलाई न्याय दिलाउने काम भयो नै, ग्रामीण क्षेत्रमा भने ऋण प्रवाहमा क्रम-भङ्गता देखियो।

धेरै मानिस ऋण लगानी गर्न डराइरहेका र धेरैले ऋण नपाइरहेको अवस्था रहेको छ। गाउँघरमा ऋण परिचालन धेरै हुन नसक्दा बैंकमा पैसा जम्मा रहेको तर लगानी गर्न नसकिएको देखिएको छ। यसको दोहोरो प्रभाव यो देखिएको छ कि गाउँमा कसैले कुनै सामान बिक्री गर्न चाहँदा पनि भइहरेको छैन। गाउँघरमा जग्गाको दाम पनि कम भएको छ। खेतको दाम कम हुनु मात्र होइन, उद्योग तथा व्यवसायको क्षेत्रमा पनि यसको प्रभाव परेको छ। अहिले चाडपर्वको बेला मात्र व्यावसायीहरूले सोचेजस्तो ग्राहक पाउने गरेको र अन्य समयमा ग्राहक नहुँदा त्यत्तिकै बस्नुपरेको बताउने गरेका छन्। सबै क्षेत्रको व्यवसायमा कमी आएको छ, दैनिकी भने चलिरहेको छ। गाउँघरमा आर्थिक गतिविधिमा खासै धेरै गतिशीलता यस वर्ष देखिएन।

किसानहरूका लागि केही हदसम्म अनुकूल समय मान्नुपर्दछ। कृषि उपजले राम्रै बजार पाएको देखिएको छ। पहिलेका वर्षहरूभन्दा केही बढी मूल्य पाउनु र हरेक उत्पादनले निरन्तर मूल्य पाइरहनु कृषकको दृष्टिकोणले वर्ष राम्रो रह्यो। धानको भाउ राम्रै छ, गहुँ र मसुरोले पनि भाउ पायो। हरियो तरकारीले किसानलाई निकै राम्रो आम्दानी दियो। आलुखेती गर्ने किसानले सोचेभन्दा धेरै राम्रो आम्दानी गरेका छन्। यद्यपि पशुपालक किसानलाई भने खासै फाइदा भएन। मुख्यगरी दूध उत्पादन गर्ने किसानले दूधको मूल्य कम पाएका छन्। दूधको उत्पादन बढी हुँदा धेरै किसानले समयमा दूध बेचेको पैसा पाउन सकेनन्। यसैगरी कुखुरा व्यवसाय तथा बाख्रा-खसी पालन गर्ने किसानले पनि सोचेजस्तो आम्दानी गर्न सकेको देखिएको छैन। यसको मुख्य कारण चाहिं मासुको खपतमा कमी आउनु हो। मासुको खपत गाउँघरमा पनि कम भएको छ भने बजार क्षेत्रमा पनि कम भएको छ। मासुको मूल्यमा कमी आएकोले पशुपालक किसानको हातमा पुग्ने रकममा पनि सोही अनुसार कमी आएको हो। आम्दानी कम हुँदा सर्वसाधारण युवाको चाहना विदेशमा रोजगारको खोजी निकै प्रमुख रह्यो। यहाँ व्यापार, व्यवसाय गरेर वा कुनै नोकरी गरेर जीवनयापन गर्न सकिन्छ भन्ने सोचभन्दा पनि बढी विदेश गएर केही गर्नुपर्छ भन्ने सोच हावी भइरह्यो। शिक्षितदेखि निरक्षरसम्मले विदेश पलायनको मनोविज्ञान बनाइरहे। धेरै मानिस कामको खोजीमा विदेश गएका पनि छन्। त्यसले यहाँ मजदूरको अभाव भयो। भारतमा मुख्यतः कृषि मजदूरको रूपमा काम गर्न जाने र फेरि फर्केर आई कृषि गर्ने प्रवृत्तिले प्रमुखता पाइरह्यो। कामको खोजीमा भारत पुगेका ग्रामीण कृषि मजदूरहरूको पनि कमाइ खासै हुन नसकेको गुनासो रह्यो। कामको कमी र मजदूरको उपलब्धता बढी हुनुले प्रतिस्पर्धा बढी भएर कामै पाउन गाऱ्हो भएको बुझाइ कृषि मजदूरहरूको छ। कृषि मजदूरहरूले गाउँमा ऋण र सापट पाउन निकै सङ्घर्ष गर्नुपरेको तथा अन्यत्र गएर पनि काम पाउन सङ्घर्ष गर्नुपरेको वर्षको रूपमा लिएका छन्।

संस्कृतिको दृष्टिकोणले पनि दुई किसिमको प्रतिक्रिया देख्न पाइयो। पहिलो यस वर्ष संस्कृतिमा केही जागरण आएको अनुभव हुन्छ। अयोध्यामा राम मन्दिरमा भएको प्राण प्रतिष्ठाको समयलाई हरेक घर परिवारमा धार्मिक तथा उत्सव मनाउन समाजले सामूहिक भूमिका निर्वाह गऱ्यो। हरेक गाउँमा सार्वजनिक यज्ञ हुनु, मठ मन्दिरमा विभिन्न देवदेवीका प्रतिमा स्थापित हुनु तथा धर्म र संस्कृति संरक्षणमा अग्रसरता देखिनु सांस्कृतिक दृष्टिकोणले उपलब्धिपूर्ण वर्षको रूपमा रहेको देखिन्छ। यसैगरी विभिन्न संस्कृति र चाडपर्वहरूको मौलिकताको खोजी गर्दै स्वस्थ संस्कृति मनाउने चेतना, थोरै भए पनि, गाउँ समाजका शिक्षित समुदायमा आएको देखिन्छ। कसरी हुन्छ, मौलिक संस्कृतिको स्वस्थ रूपलाई संरक्षण गर्न शिक्षित समुदायमा सचेतना देखिनु एउटा उपलब्धिपूर्ण वर्षको रूपमा रहेको छ। सर्वसाधारणमा धार्मिक विश्वास तथा सांस्कृतिक चेतनामा अभिवृद्धि भई धेरैलाई आफ्नो संस्कृतिप्रति गर्वको अनुभूति गराउनु यस वर्षको उपलब्धि नै रहेको मान्न सकिन्छ। निस्सन्देह चाडपर्व मान्ने, देवीदेवताप्रति आस्था र श्रद्धा प्रकट गर्ने तथा संस्कृतिलाई मौलिकतासहित मान्नुपर्छ भन्ने चेतनशील मस्तिष्कमा वृद्धि भएको छ। संस्कृतिसम्बन्धी अर्को प्रतिक्रिया हो, केही मनोमालिन्य देखिनु। मुख्यरूपमा मलङ्गवामा यस वर्ष पटकपटक कर्फ्यु जारी भयो। रौतहट, पर्सा, सप्तरी आदि जिल्लामा पनि केही अमिलो अनुभूति भयो। समाजमा शताब्दीयौंदेखि मिलेर बसेका विभिन्न समुदायको मनमा अमिलोपन देखिनुले यस वर्षको सामाजिक अनुहारमा दाग लगाइदिएको छ।

बसाइँसराइ र विदेश पलायनको सन्दर्भ पनि यस वर्ष चर्चामा रहिरह्यो। हिमाल तथा पहाडका जिल्लाहरूमा मानिसको सङ्ख्या कम भइरहेको र धेरै विद्यालयमा विद्यार्थीको उपस्थिति न्यून बनेका समाचारहरू निरन्तर आइरहे। पहाडका कतिपय नगरपालिकाको जनसङ्ख्या गत दश वर्षको अवधिमा उल्लेख्य मात्रामा कम भएको पाइएको छ। धेरै मानिस विदेश पलायन गरिरहेको भन्दै चिन्ता पनि व्यक्त गरिएको छ। प्रशासनिक क्षेत्रका उच्चपदस्थ मानिसहरूमा पनि यस किसिमको चिन्ता देखिएको छ कि पहाड र हिमालका जिल्लाहरू खाली भइरहेका छन्। जनसङ्ख्या मुख्यगरी शहरी क्षेत्र तथा तराई-मधेसमा बढी केन्द्रित हुन थालेको छ। यस किसिमको प्रवृत्तिले निरन्तरता पाउँदा भविष्यमा जनसङ्ख्या असन्तुलन आउने सङ्केत हो भनी सचेत रहनपर्ने सुझावहरू पनि दिन थालिएको छ।

सामाजिक क्षेत्रमा मिटर ब्याजको प्रसङ्गले ल्याएको हलचल र पारेको दीर्घकालीन प्रभावबाहेक खासै सामाजिक परिवर्तन देखिएन। यस वर्ष सामाजिक धरातलका धेरै किसिमका विश्लेषणहरू भएका छन्। शिक्षाको क्षेत्रमा पनि धेरै चर्चा भएको छ तर सकारात्मकतातिर जाने सङ्केतमात्र देखिएको छ। यद्यपि शिक्षामा लगानी बढाउन अभिभावकहरू तयार देखिएका छन्। अबको दिनमा शिक्षाको अवस्था राम्रो हुने सम्भावना बढेको यो वर्ष औसत किसिमको देखिन आउँछ। आसन्न नयाँ वर्ष उपलब्धिमूलक बन्ने आशासहित सबैमा नयाँ वर्ष २०८१ को हार्दिक शुभकामना !

वर्ष २०८० : चलचित्रको पर्दामा देखिएका नयाँ अनुहार

काठमाडौं, २८ चैत/रासस

वर्ष २०८० मा नेपाली चलचित्रमा थुप्रै नयाँ अनुहार देखिए। नेपाली चलचित्र निर्माणको सङ्ख्यात्मक वृद्धि, बढ्दो लगानी तथा राम्रो पारिश्रमिकका कारण यस क्षेत्रमा नयाँ अनुहारको आकर्षण बढिरहेको छ। व्यावसायिक सुरक्षाका कारण प्रायः निर्देशकको रोजाइमा स्थापित अनुहार पर्ने देखिए पनि यो वर्ष केही नयाँ कलाकारले सम्भावना देखाएका छन्।

यस वर्षको पहिलो महीना वैशाखमा प्रदर्शन भएको चलचित्र ‘नाइँ नभन्नु ल-६’बाट आशीर्वाद क्षेत्रीले डेब्यु गरे। व्यावसायिकरूपमा उनको सुरुआत सफल नभए पनि सम्भावना बोकेको कलाकारका रूपमा हेरियो। आँचल शर्मा, पल शाह, वर्षा राउत, अनुभव रेग्मीजस्ता स्थापित कलाकार रहे पनि पहिलोपटक निर्देशक विकासराज आचार्य यसपटक भने असफल भए।

असारमा प्रदर्शन भएको ‘बगान’ मार्फत अभिनयमा अभिनेत्री प्रमिला कार्की उदाइन्। टेलिभिजनकर्मीका रूपमा परिचित अभिनेत्री कार्की पनि स्थापित कलाकार सरोज खनाल, करिश्मा मानन्धरसँगै पर्दामा देखिएकी थिइन्। अभिनेता खनालले नै निर्देशन गरेको चलचित्रले स्वदेश र विदेशको प्रदर्शनमार्फत लगानी सुरक्षित गरेको निर्माण पक्षको दाबी छ।

अभिनेत्री कार्कीले कलाकार नै निर्देशक हुँदा आफ्नो यात्रा सुरुआतमैं सहज भएको बताइन्। “टेलिभिजनमा काम गरेकोले पनि क्यामेरासँग सहज थिएँ, अभिनय गर्ने तरीका कलाकारकै शैलीमा बुझेपछि मैले पात्रलाई अपनाएँ, त्यसपछि मलाई निकै सहज भयो,” अभिनेत्री कार्कीले भनिन्।

मङ्सिरको अन्तिम साता प्रदर्शन भएको चलचित्र ‘दुई कदम’बाट दुई नयाँ अनुहार इओन लिम्बू र सिमोन गिरीले अभिनयको सुरुआत गरे। अभिनेता लिम्बू चलचित्रसम्बन्धी अध्ययन गराइने अस्कर इन्टरनेशनल कलेजमा ‘ब्याचलर इन सिनेमा स्टडिज’मा अन्तिम वर्षमा अध्ययनरत छन्। अभिनेत्री गिरी मोडलिङ हुँदै चलचित्रको पर्दामा आएकी हुन्।

“अभिनयलाई सरलरूपमा लिनुहुन्न भन्ने मैले महसूस गरें, यहाँ मेहनत निकै आवश्यक छ,” अभिनेत्री गिरीले भनिन्, “आफ्नो अभिनयबाट दर्शकको मन जित्न मैले सक्दो कोशिश गरेकी छु, मैले पाइरहेको प्रतिक्रिया निकै सकारात्मक छ।”

माघे सङ्क्रान्ति लक्षित गर्दै पुसको अन्तिम साता प्रदर्शन गरिएको चलचित्र ‘पर्खी बसें तिमीलाई’मार्फत अभिनयमा रक्षा बुढाथोकी र किरण श्रेष्ठले सुरुआत गरे। दीपक श्रेष्ठले निर्देशन गरेको चलचित्रमार्फत सुरुआत गर्न पाउँदा उनीहरू दुवैजना हर्षित छन्। मण्डला नाटकघरबाट चलचित्रमा आएका अभिनेता श्रेष्ठले अन्य केही चलचित्रमा समेत अभिनय गरिसकेका छन्।

“पहिलोपटक पर्दामा देख्न पाउँदाको अनुभव व्यक्त गर्न सक्दिनँ, यो समयका लागि मैले सङ्घर्ष गरेको छु, यो अवसरमार्फत मैले अन्य मौका सृजना गर्ने कोशिश गरेको छु,” अभिनेता श्रेष्ठले भने, “आफूभन्दा अग्रज कलाकारसँग अभिनय गर्दा शुरूमा केही असहजता भएको थियो, उहाँहरूले नै सहजता दिएपछि मैले केही दृश्यलाई ढुक्कसँग गरें।”

पुसमैं प्रदर्शन भएको चलचित्र ‘चित्रा’मार्फत सन्तोष अधिकारीले पनि अभिनय शुरू गरे। यद्यपि उनलाई व्यावसायिकरूपमा सफलता प्राप्त भएन। फागुनको दोस्रो साता प्रदर्शन गरिएको चलचित्र ‘गोर्खा वारियर’मार्फत अभिनयको सुरुआत गरेका रितेश चाम्स पूर्वसैनिक पनि हुन्। सन् १९४९ मा मलाया जङ्गलमा बेलायती सेनामा आबद्ध गोर्खा सैनिकले लडेको लडाइँको कथा प्रस्तुत गरिएको चलचित्रमा अभिनय गर्ने कलाकार सैनिक देखिनुपर्ने भएकाले अभिनेता चाम्सलाई अवसर दिएको निर्देशक मिलन चाम्सले बताए।

उनले भने, “रितेश आफैंमा अभिनय सिकिरहनुभएको कलाकार हो, उहाँलाई लिएपछि मैले सैनिक देखाउन मेहनत गर्नु परेन, उहाँले ब्रिटिश सेनामा हुँदा युद्ध नै लडिसक्नुभएको छ, उहाँको भविष्य अन्य पात्रमा पनि उज्ज्वल नै छ।” चलचित्र वितरक करण श्रेष्ठले वितरण गरेका अधिकांश चलचित्रमा नयाँ अनुहार छन्। नयाँ चलचित्रका बारेमा सुरुआतमा विश्वस्त गर्न प्रदर्शकलाई गाऱ्हो नहुने होइन। यद्यपि देखिने प्रचार सामग्रीले सहज बनाउने वितरक श्रेष्ठले बताए।

“नयाँ अनुहारले अवसर पाएर नै पुरानो हुने हो, त्यसैले उनीहरूलाई सघाउनैपर्छ, म नयाँ अनुहार भएका चलचित्रकर्मीलाई प्रचारप्रसार ध्यान दिन आग्रह गर्ने गर्छु, यसले चलचित्रसँगै उदाउँदै गरेका कलाकारलाई फाइदा पुग्छ,” वितरक श्रेष्ठले भने, “चलचित्र भवनमा दर्शक बढेसँगै व्यापार बढ्ने भएकाले सुरुआती समयमा हाम्रो भूमिका महत्त्वपूर्ण

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

ट्राफिकका सास्ती : पानीदेखि शौचालय मागेरै

काठमाडौं, २८ चैत/रासस

ट्राफिक प्रहरी गोविन्दराज पन्तको मास्क अधिक समय चिउँडोमुनि हुन्छ। धूलो र धूवाँदेखि जोगाउने मास्क उनका लागि सदुपयोग छैन। ट्राफिक व्यवस्थापन गर्न सिटी बजाउनुपर्छ। मुख छोपेरै बस्न सम्भव छैन। त्यसैले स्वास्थ्य सुरक्षाको लागि दिइएको सामग्रीसमेत उचित तरीकाले लगाउन नपाइएको उनी बताउँछन्। "देख्नका लागि मात्रै सुरक्षित छौं," उनी भन्छन्।

नयाँ बानेश्वरको व्यस्त चोकमा ट्राफिक व्यवस्थापन गर्न 'पिक आवर' समयमा हम्मेहम्मे छ। गोविन्दका अनुसार बिहान र बेलुका सवारीको चापले पानी पिउनसमेत फुर्सद हुँदैन। तिर्खाएर रन्थनिंदा कहिलेकाहीं पानीकै अभाव हुन्छ। आँखामा चश्मा त छ, छिनछिनमैं धूलोले भरिन्छ। उनी ट्राफिक व्यवस्थापन गर्दा घरी चश्माको धूलो पुछन् त घरी धूलाम्मे लुगा टक्टक्याउँछन्। बिहान सफा लगाएको कपडा बेलुका मैलो हुन्छ।

उपत्यकाभित्रका मुख्य चोकमा खटिएका प्रहरी ट्राफिकका आआफ्नै कथा र व्यथा छन्। धूलो, धूवाँसित जुध्नुका साथै सर्वसाधारणका दुर्व्यवहार पनि खेप्नुपर्छ। थापाथलीमा खटिएकी ट्राफिक प्रहरी अञ्जु नेपालीका अनुसार सिटी, हात दुवैको सहायताले नियमविपरीत चलेका सवारीसाधन रोक्दा चालकले अटेर गर्ने गरेको अनुभव सुनाउँछिन्। "सवारी रोकिहाले पनि दोहोरोतेहोरो कुरा गरेर झगडा गर्न खोज्छन्," मञ्जु थप्छिन्, "तर पुरुष ट्राफिकसँग यस्तो अटेरी कम हुन्छ।" ट्राफिक महिला भएकै कारण उनले पेशागतरूपमा सहनुपर्ने पीडा थुप्रै छन्।

घण्टौं उभिएर डयुटीमा खटिइरहेको बेला शौचालय गर्न पनि सजिलो छैन। कपिलवस्तु घर भएकी प्रमिला थारू महीनावारीको समय अत्यन्त कठिन महसूस भएको बताउँछिन्। थापाथली चोकमा कार्यरत उनले सेनिटरी प्याड फेर्न शौचालय नहुँदा सास्ती खेप्नुपरेको अनुभव छ। "कुनै होटल वा ग्यारेजमा गएर शौचालय प्रयोग गर्नुपर्छ," उनले बताइन्, "सधैंभरि अरूको शौचालयमा जाँदा निकै असजिलो महसूस हुन्छ।" सेनिटरी प्याड फेरेर कहाँ फाल्ने ? उनले यस्ताससाना तर स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने महिला ट्राफिकका समस्या रहेको सुनाइन्। शौचालयकै झन्झटले पानी पर्याप्त खान नसकिने उनी बताउँछिन्।

थापाथलीमैं कार्यरत ट्राफिक वर्षा थारू गर्भवती छिन्। उनी तीन महीनाको गर्भसहित उत्साहका साथ ट्राफिक सेवा दिइरहेकी छन्। गर्भ बढ्दै गएपछि उनलाई काममा खटिन अलिक चुनौती थपिँदै गएको बताउँछिन्। केही साताअघि मात्रै चोकमा डयुटीमा कार्यरत वर्षालाई रिङ्गटा लाग्यो। उभिएर चर्को घाममा काम गर्दा उनको शरीर थामिएन। "रिङ्गटा लागेर भुइँमा थचक्कै बसेछु," उनी भन्छिन्, "केहीबेरमा होश आयो, अनि कामतिर लागें।" ट्राफिकको दायित्वमा फुर्सद भन्ने शब्द नै नरहेको उनी बताउँछिन्।

खाने पानी बोकेर ल्याउने सवारीसँग पानी माग्नुपर्ने बाध्यता रहेको ट्राफिक प्रहरी बताउँछन्। सार्वजनिक शौचालय नहुँदा शौच गर्न झन्झट खेप्नुपर्ने उनीहरूको अर्को समस्या हो। शौचालयको अभावले पेटभरि पानी खान नसकिने ट्राफिक प्रहरी बताउँछन्। "चर्को घामले तिर्खा लाग्छ, पानी खाए शौचालय खोज्ने सास्ती," थारू भन्छिन्।

ट्राफिक प्रहरीको सहयोगी कसरी बन्ने ?

यातायात व्यवस्थापनमा सेवा दिइरहेका प्रहरीले सर्वसाधारणबाटै सहयोग अपेक्षा गर्छन्। सर्वसाधारण र सवारी चालकले ट्राफिक नियम पालना गरिदिए शतप्रतिशत कठिनाइ हट्ने ट्राफिक प्रहरी गोविन्दराज पन्त बताउँछन्। उनका अनुसार सर्वसाधारणले सकेसम्म आकाशेपुल, जेब्राक्रसिङ प्रयोग गरे, सवारी चालकले सचेत भएर सवारी चलाए ट्राफिकको आधै झन्झट सुल्झिन्छ।

त्यस्तै, धूवाँ र धूलो उड्ने औद्योगिक क्षेत्र व्यवस्थित गर्नु, जीर्ण सडक मर्मत गर्नु, ट्राफिक लाइटको व्यापक प्रयोग गर्न सकिए ट्राफिक प्रहरीका दुःख निकै कम हुने प्रहरी उपरीक्षक विश्वराज खड्काले बताए। "ट्राफिक व्यवस्थापन प्रविधिमैत्री बनाउन जरुरी छ," उनी भन्छन्, "ट्राफिक लाइटको प्रयोग गर्ने, पुराना सवारी थन्काउने र ट्राफिक चेतना दिन सके हामीले यतिधेरै जोखिम उठाउनुपर्दैन।"

संविधानको धारा, ३० मा मौलिक हकका रूपमा 'प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक'को व्यवस्था छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०१८ मा वायु प्रदूषणका कारण नेपालमा ३७ हजार मानिसको मृत्यु भएको छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०१५ मा उपत्यकामा गरेको अध्ययनमा यहाँको धूलोमा हानिकारक कण रहेको फेला पारेको थियो। ट्राफिकको स्वास्थ्य परीक्षणमा पछिल्लो समय प्रदूषणकै कारण ट्राफिक प्रहरीमा छाला चिलाउने र उच्च रक्तचापको समस्या बढ्दै गएको छ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्क अनुसार हाल उपत्यकाभित्र एक हजार ७९७ जना ट्राफिक प्रहरी कार्यरत छन्। तीमध्ये पुरुष एक हजार ५८४ र महिला २१३ जना छन्। महिला ट्राफिक सङ्ख्यामध्ये पाँचजना गर्भवती अवस्थामा छन्। गर्भवती महिला ट्राफिकको स्वास्थ्यमा कार्यालय सचेत रहेको प्रउ खड्काले जानकारी दिए।

प्रहरीको नियमित जाँच गर्न सक्ने अवस्था नभए पनि आवश्यकताका आधारमा स्वास्थ्य जाँच हुन्छ। सामान्य जाँच गर्दा सामान्य असर देखिन्छ तर ट्राफिकको स्वास्थ्य प्रभाव दीर्घकालीनरूपमा पर्ने प्रउ खड्का बताउँछन्। उनका अनुसार महिला ट्राफिक अझै संवेदनशील क्षेत्रमा छन्। गर्भवती महिला ट्राफिकले सेवा प्रदान गर्दै स्वास्थ सन्तान जन्माउने वातावरण दिन चुनौती छ। भएको स्रोत र साधनबाट गर्भवती महिला ट्राफिकमैत्री परीक्षण गर्ने व्यवस्था मिलाएको उनी बताउँछन्। "गर्भवती महिला ट्राफिकको प्रसूतिसम्बन्धी जाँच गर्ने व्यवस्था मिलाएका छौं," उनी भन्छन्।

चर्को प्रदूषणले ट्राफिक प्रहरीको स्वास्थ्यमा समस्या आइरहेको उनी सुनाउँछन्। धूलो र धूवाँका कारण ट्राफिक प्रहरीको आँखा पाक्ने, चिलाउने र छाती दुख्नेजस्ता समस्या उत्पन्न भएका छन्। पछिल्लो समय छालाको एलर्जी र उच्च रक्तचापसमेत देखिने गरेको उनले बताए। सरकारले मास्क, चश्मा, पञ्जाजस्ता स्वास्थ्य सुरक्षाका साधन

(बाँकी चौथो पातामा)

स्वच्छ तथा स्वस्थ वातावरणको हक सुनिश्चित गर्न आग्रह

काठमाडौं, २८ चैत/ रासस

राष्ट्रिय मानव अधिकार आयोगले नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको हक सुनिश्चित गर्न तीनै तहका सरकारसँग आग्रह गरेको छ।

आयोगले स्वच्छ र स्वस्थ वातावरणको सम्बन्धमा नेपालको संविधान तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनले प्रत्याभूत गरेका प्रावधानको कार्यान्वयन गर्न तीनै तहका सरकारलाई अपील गरेको हो। आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले बुधवार जारी गरेको प्रेस विज्ञप्तिमा विगत केही वर्षदेखि नेपाल वायु प्रदूषित हुने देशको विश्वव्यापी सूचीको अग्रस्थानमा परिरहेको र यस वर्ष पनि उक्त सूची दोहोरिन गएकोले नागरिकको स्वास्थ्यमा पर्न सक्ने असरप्रति ध्यानाकर्षण भएको उल्लेख छ।

"वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा वायु प्रदूषणबाट हुने असर न्यूनीकरण वा निराकरण गर्न आवश्यक मापदण्ड निर्धारण गर्न सक्ने उल्लेख छ," विज्ञप्तिमा भनिएको छ, "तर गुणस्तरीय वायुसहित नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको हकको सुनिश्चितताका लागि तीनै तहका सरकारको प्रयासका बावजूद नागरिकको जीवनको अधिकार प्रत्याभूत हुन नसकेको उल्लिखित तथ्याङ्कबाट देखिन्छ।"

पछिल्लो समय बढ्दै गइरहेको वायु प्रदूषण र यसबाट नागरिकको स्वास्थ्यमा परिरहेको असरबारे आयोगले विभिन्न माध्यमबाट अनुगमन गरिरहेको प्रवक्ता पोखरेलले जानकारी दिए। वन डढेलो, ग्रामीण क्षेत्रमा इन्धनको रूपमा काठ दाउरा तथा गुइँठाको प्रयोग, पेट्रोल तथा डिजेलजन्य सवारीसाधनको प्रयोग, पुराना सवारीसाधन, उद्योगधन्दा, अन्तरदेशीय वायु प्रदूषणलगायत आदिका कारण काठमाडौं उपत्यकालगायत देशभरिका अधिकांश स्थानमा वायु गुणस्तरको पिपिएम २.५ र पिपिएम १० को तह राष्ट्रिय तथा विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डभन्दा निकै बढी रहेको तथ्याङ्क आज पनि सार्वजनिक भएको छ।

प्रारम्भिक अनुगमनका क्रममा नेपालमा स्थापित वायु गुणस्तर मापन गर्ने २७ संयन्त्रमध्ये १५ संयन्त्रले काम नगरेको जानकारी प्राप्त भएको छ। तोकिएको मापदण्डभन्दा उच्च वायु प्रदूषणले विशेषगरी दीर्घरोगी, ज्येष्ठ नागरिक, बालबालिका, नवजात शिशु, गर्भवती, अपाङ्गता भएका व्यक्तिलगायतको स्वास्थ्यको अधिकारमा गम्भीर असर परेको छ। वायु प्रदूषणका कारण विश्वमा प्रतिवर्ष ७० लाख नागरिकको मृत्यु भई जीवनको अधिकारबाटै वञ्चित भएको अध्ययनबाट देखिएको छ। नेपालमा प्रतिवर्ष ४२ हजारभन्दा बढी नागरिकले वायु प्रदूषणका कारण मृत्युवरण गर्नुपर्ने बाध्यता रहेको आयोगले जनाएको छ।

काठमाडौं उपत्यकामा मात्रै प्रतिवर्ष पाँच हजार बढीको मृत्यु वायु प्रदूषणका कारण भइरहेको पाइएको छ। मुख्यगरी दीर्घकालीन फोक्सोको रोग, मुटुको रोग, मस्तिष्कघात, श्वासप्रश्वास प्रणालीमा सङ्क्रमण आदि स्वास्थ्य समस्या हुने गरेको अनुगमनका क्रममा देखिएको छ। नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकको रूपमा उल्लेख गर्दै प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको व्यवस्था गरिएको छ।

दाङको घोराही उपमहानगरपालिका-६ लखुवारमा व्यावसायिकरूपमा गरिएको तरबुजाखेती। तस्बिरः रञ्जीता अधिकारी/रासस

आज इद-उल-फित्र

विराटनगर, २८ चैत/रासस

इस्लाम धर्मावलम्बीहरूले रमजान महीनाको ३० दिनको 'रोजा' व्रत पूरा गरेर भोलि इद-उल-फित्र मनाउँछन्।

केही मुस्लिमले इद-उल-फित्रको नमाज मस्जिदमा त केहीले 'इदगाह'मा समूहमा भेला भई दुई रिकात नमाज पढेर सम्पन्न गर्छन्।

नमाज पूरा गरेपछि एकअर्कालाई अङ्कमाल गरेर बधाई साटासाट गर्छन् भने घरमा विभिन्न परिकार पकाएर खाने गर्छन्। रमजान महीना उर्दू पात्रोको अनुसार नवौं महीना हो।

यो पर्वको ७०औं दिनमा बकरिद अर्थात् 'इद-उल-अजहा' पर्व मनाउने गर्छन्। यस अवसरमा मुस्लिमहरू 'हज' का लागि साउदी अरबको मक्का मदिना जाने गर्छन्।

आठ महीनामा ३७ करोड बराबरको अवैध सामान बरामद

वीरगंज (पर्सा), २८ चैत/रासस

पर्सा प्रहरीले चालू आर्थिक वर्षको साउनदेखि चैत २२ गतेसम्मको अवधिमा रु ३६ करोड ८४ लाख ८३ हजार २६० मूल्य पर्ने अवैध सामान बरामद गरेको छ।

प्रहरीको सक्रियताले पछिल्ला समय दिनहुँजसो भन्सार छली गरेका तथा बिलबीजकमा भन्दा धेरै सामान ल्याएको सामग्री नियन्त्रणमा लिने क्रम बढेको हो।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले भन्सार छली तथा चोरी पैठारी र बिलबीजकभन्दा धेरै सामान ल्याउनेविरुद्ध प्रहरीले कारबाही गरिरहेको बताए।

"नेपाल प्रहरीले एक सातामा भन्सार छली गरेर ल्याएइका करीब रु एक करोड मूल्य पर्ने सामान तथा वस्तु नियन्त्रणमा लिंदै आइरहेको छ," उनले भने, "चोरी/तस्करी गरेर भित्र्याएको सामानलाई पक्राउ गरेर वीरगंज भन्सार कार्यालयलाई बुझाउने गर्छौं, बिलबीजक अनुसारको नभए राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाउने गरेका छौं।"

पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले खुला सीमाका कारण चोरी तस्करी बढेको बताए। "पर्सा जिल्लाको सिमाना भारतसँग १७० किलोमिटर जोडिएको छ," उनले भने, "चोरी तस्करी नियन्त्रण गर्न सबै निकायलाई निर्देशन दिंदै आइरहेको छु।"

चालू आवको चैत २२ गतेसम्मको अवधिमा राजस्व अनुसन्धान कार्यालय, पथलैयामा रु ३१ करोड ८९ लाख ७३ हजार मूल्य पर्ने सामान बुझाइएको छ। त्यस्तै, भन्सार कार्यालय वीरगंजलाई रु चार करोड ९५ लाख नौ हजार २७३ मूल्य पर्ने सामान बरामद गरी बुझाइएको छ।

प्रहरीले अघिल्लो आव २०७९/८० मा रु ४८ करोड नौ लाख ६४ हजार ६४६ मूल्य पर्ने वस्तु तथा सामान बरामद गरेको थियो। जसमा किरानाका सामान रु आठ करोड तीन लाख पाँच हजार ९७५ मूल्य बराबरको थियो। त्यसैगरी, विद्युतीय सामग्री रु एक करोड ८० लाख मूल्य बराबरको थियो।

त्यसैगरी, अघिल्लो आवमैं रु १५ करोड ५८ लाख ७७ हजार बराबरको सवारीसाधनका पार्टपुर्जा बरामद गरिएको जिल्ला प्रहरीको तथ्याङ्कमा उल्लेख छ। लत्ताकपडा रु २२ करोड ३५ लाख ६६ हजार मूल्य बराबरको बरामद गरेको र गत आवमा चोरी तस्करीमा संलग्न १५ जना अभियुक्तलाई पक्राउ गरेको प्रहरीले जनाएको छ। प्रहरीले गत आवमा ९५ वटा सवारीसाधन नियन्त्रणमा लिएको थियो।

दोहोरो अङ्कले घट्यो नेप्से परिसूचक

काठमाडौं, २८ चैत/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। बुधवार नेप्से परिसूचक १० दशमलव ७१ अङ्कले घटेर दुई हजार २५ दशमलव ३० को बिन्दुमा कायम भएको हो।

आज ३०८ कम्पनीका ८६ लाख ९६ हजार ९१८ कित्ता शेयर ६१ हजार ४२० पटक खरीद-बिक्री हुँदा रु तीन अर्ब ४८ करोड ५६ लाख ६० हजार ६४० बराबरको कारोबार भएको छ।

उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १३ र व्यापार समूह एक दशमलव ४६ प्रतिशतले बढेका छन् भने अरू सबै समूहका उपसूचक घटेका छन्। सबैभन्दा धेरै वित्त समूह दुई दशमलव ५० प्रतिशतले घटेको छ। बैंकिङ शून्य दशमलव ०३, विकास बैंक एक दशमलव २५, होटल तथा पर्यटन एक दशमलव ६७, जलविद्युत् शून्य दशमलव ०४ र लगानी शून्य दशमलव ४० प्रतिशतले घटेका छन्। त्यसैगरी, जीवन बीमा समूह एक दशमलव २५, लघुवित्त एक दशमलव १५, म्युचुअल फन्ड शून्य दशमलव ७३, निर्जीवन बीमा समूह एक दशमलव ०४ र अन्य समूह शून्य दशमलव ४४ प्रतिशतले घटेका छन्।

मान्डु हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ६९ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने सिङ्गटी हाइड्रो इनर्जी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु १२ करोड ५४ लाख ८८ हजार बराबरको शेयर कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने ङादी ग्रुप पावर लिमिटेडका दुई लाख ५६ हजार ७०८ कित्ता शेयर किनबेच भएका छन्।

वन डढेलो सङ्कट घोषणा गर्न माग

काठमाडौं, २८ चैत/ रासस

नेपाल वन प्राविधिक सङ्घ (एनएफए)ले वन डढेलो सङ्कट घोषणा गर्न सरकारसमक्ष माग गरेको छ।

तस्वीर: सौजन्य

बुधवार प्रेस विज्ञप्ति जारी गर्दै बढ्दो वन डढेलो नियन्त्रणका लागि सङ्कटकाल घोषणा गर्न माग गरेको हो। महासङ्घका अध्यक्ष राकेश कर्णाले वन डढेलोका कारण देशव्यापीरूपमा प्रभाव परेको, वातावरणीय प्रदूषण बढिरहेकोले वनलाई डढेलोबाट जोगाउन आवश्यक रहेको बताएका छन्।

"वन डढेलोको कारण वनविनाश भएको छ, बस्ती जोगाउनै मुश्किल भएको छ," उनले भने, "वन डढेलो नियन्त्रणका लागि आधुनिक प्रविधि जुटाउन र सङ्कट घोषण गर्न आवश्यक छ।"

प्राकृतिक स्रोत संरक्षण कार्य चुनौतीपूर्ण रहेको डोल्पाको घटनाले प्रस्ट पारेको उनको भनाइ छ। कर्णाली प्रदेशको डोल्पा जिल्ला ठूलीभेरी नगरपालिका वडा नं ३ र ४, तिन्नाको मस्टा भवानी सामुदायिक वनमा लागेको वन डढेलो नियन्त्रण गर्ने क्रममा मङ्गलवार डोल्पास्थित देवीदत्त गुल्ममा कार्यरत ३८ वर्षीय जमदार केशवबहादुर जर्गामगर, सिपाहीहरू २२ वर्षीय हेमन्त रावत र ३८ वर्षीय आशिष बुढाको मृत्यु भएको थियो। विजय कोइराला गम्भीर घाइते भई काठमाडौंमा उपचाररत छन्।

वन डढेलो नियन्त्रण गर्ने क्रममा नेपाली सेनाका जवानलाई संरक्षण शहीद घोषणा गर्न र घाइतेको निश्शुल्क उपचार गर्न एनएफएले माग गरेको छ। मृतकको परिवारजनलाई राहत उपलब्ध गराउन पनि माग गरिएको छ।

एलन मस्कको जीवनबाट सिक्ने कि ?

विचार

नेत्र सुवेदी 'प्रयास'

> **उनीमा घमण्ड देखिंदैन तर काम गर्ने दृढ इच्छाशक्ति भने पाइन्छ । विश्वविद्यालयको कक्षामा नगएर पनि सिक्न सकिन्छ भन्ने सिद्ध गर्ने उनी थप एक उदाहरण हुन् । भनिन्छ कि एलन मस्कको माइन्डसेट एवं उद्यमी र काम गर्ने तरीका नै समस्या समाधान गर्ने खालको छ ।**

समकालीन विश्वमा एलन मस्कको नाम नसुन्ने व्यक्ति कमै होलान् । वर्तमानमा आफ्नो कामबाट सारा विश्वलाई प्रभाव पार्न सफल व्यक्ति हुन् उनी । उनी खासगरी उद्यमी युवाको माझ त लोकप्रिय छँदैछन्, त्यसमा पनि उनले हालसम्म हासिल गरेका सफलता र ती सफलताका लागि गरेको सङ्घर्ष तथा लगानीकर्ताको मन जित्नमा पाएको सफलता हेर्दा उनको प्रगतिमा रिस गर्नेहरू पनि कम छैनन् । उनी इन्जिनीयर मात्र होइनन् कि नवीकरणीय ऊर्जाबाट चल्ने सवारीसाधन एवं मानवतामैत्री आर्टिफिसियल इन्टेलिजेन्सका समेत वकालतकर्ताका साथै लगानीकर्तासमेत हुन् । उनले नयाँ नामकरण गरेको एक्स अर्थात् ट्विटर एउटा चर्चित नेटवर्क साइट हो । ट्विटर र टेस्ला कम्पनीका माध्यमबाट सङ्कलित डाटा पनि समग्र विश्वकै लागि एउटा ठूलो स्रोत हो, ऊर्जा हो । प्रविधिलाई साधन मान्ने हो भने डाटा चाहिं सो साधनमा प्रयोग हुने इन्धन वा ऊर्जा नै हो ।

सन् २०२३ सेप्टेम्बर १२ मा एलन मस्कको बायोग्राफी बजारमा आयो । जीवनी पुस्तक उनले आफैंले भने लेखेका होइनन् । उनका बारेमा जानकारी राख्ने र एक नामी लेखकको चिनारी बनाइसकेका व्यक्तिले प्राप्त सूचनाका आधारमा उक्त बायोग्राफी तयार पारेका हुन् । सिएनएन र टाइमका पूर्वकार्यकारी अधिकृत वाल्टर आइज्याक्सन नै ती व्यक्ति हुन्, जसले मस्कको बायोग्राफी तयार पारे । उनै व्यक्तिले यसअघि पनि लियोनार्दो द भिन्ची, बेन्जामिन फ्रान्कलिन, अल्बर्ट आइन्स्टाइन, स्टिभ जब्सको समेत जीवनी लेखन गरिसकेका छन् ।

विद्युतीय सवारीसाधन, निजी तवरबाट अन्तरिक्षको खोजी र आर्टिफिसियल इन्टेलिजेन्सको दबदबाको समयमा यी तीनवटै विषयमा लगानी गरी सफलसमेत भएका टेक आइकन हुन्, एलन मस्क । दक्षिण अफ्रिकाको प्रिटोरियामा सन् १९७१ जुलाई २८ मा जन्मेका उनी १७ वर्षको उमेरमा क्यानडा र पछि अमेरिकामा बसोबास गरेका हुन् भने उनले गरेको खोज, अध्ययन, जोखिमसहितको काममा रमाउने र लगानीबाट भएको प्रतिफलकै आधारमा संसारकै धनी व्यक्तिसमेत बन्न सफल उनी सन् २००८ यता निरन्तर चर्चामा रहन सफल छन् ।

एलन मस्क संलग्न रहेको कम्पनी भनिन्छ कि उनी कलेज पढ्दै गर्दा ब्लास्टर नामक सफ्टवेयर बनाएर बेचेका थिए । उनले लगानी गरेको पहिलो कम्पनी जिपटु हो, जसलाई कम्प्याक कम्पनीले खरीद गरेको थियो । तत्पश्चात् शुरूमा एक डटकम नाम रहेको र पछि पेपल नामकरण भएको कम्पनीको खासगरी वित्तीय विश्वमा बदलाव ल्याउने उद्देश्यका साथ स्थापना भएको थियो । दुई वर्षमा दुई लाखभन्दा बढी प्रयोगकर्ता भए । आफ्नो उद्देश्यमा कम्पनी सफल भयो र पछि त्यो कम्पनी पनि ठूलो रकममा बिक्री भयो । यसपछि उनी लस एन्जल्स गए, जहाँ उनले आफ्नो रुचि रहेको अन्तरिक्ष यान सम्बन्धमा अध्ययन गर्न र काम गर्न पाए । उनले अन्तरिक्ष यानसम्बन्धी कम्पनी स्पेस एक्सको स्थापना सन् २००२ मा गरे । सफल प्रयोगपछि नासाले पनि उनको कम्पनीलाई समेत सहकार्यका लागि अनुमति दियो ।

न्युरालिङ्क पनि मस्कले अघि बढाएको एउटा परियोजना हो, जसमा मानव ब्रेनमा माइक्रो चिप्स जडान गर्ने लक्ष्य लिइएको थियो । यसको पहिलो प्रयोग सफल भएको भनेर उनले सन् २०२४ जनवरी ३० मा पुष्टि गरेका छन् । यसको लागत सम्बन्धमा विवादहरू भए तापनि अमेरिकी डलर १० हजारमा एउटा चिप्स जडान हुने बताइएको छ । त्यसैगरी, इन्टरनेट सेवालाई सरल र सहज बनाउनका लागि उनले लोअर्बिट सेटेलाइटका रूपमा स्टारलिङ्क सञ्चालनमा ल्याएर यसमा जोडिन विश्वव्यापीरूपमा आग्रहसमेत गरेका छन् ।

एआईका सम्बन्धमा पनि उनको चासो छ । जुनसुकै प्रविधि आफैंले राम्रो काम गर्दैन, यसका लागि त मानवीय सक्रियता आवश्यक पर्छ । यदि हामी सजग भएनौं र सुरक्षाका प्रबन्ध अपनाएनौं भने एआईले मानवलाई प्रतिस्थापन गर्ने जोखिम छ । उनी संलग्न रहेको ओपन एआईको रिसर्च ल्याब स्थापनाको लक्ष्य भनेकै एआईलाई मानव हित हुनेगरी सुरक्षित तवरले विकास गर्ने सम्भावना बढाउनु हो । मस्कको विचारमा एआईको दुरुपयोग गर्नबाट रोक्ने सबभन्दा गतिलो उपाय भनेको बढीभन्दा बढी मानिसहरूको सशक्तीकरण गर्नु हो ।

भनिन्छ कि उद्यमी हुने हो भने जोखिम लिन डराउनुहुँदैन । मस्क जोखिमयुक्त काम गर्न सदा इच्छुक देखिन्छन् । उनले प्रारम्भ गरेका कम्पनीको प्रकृति हेर्दा जोखिमसँगै खेलेर अगाडि बढेको देखिन्छ । जोखिमको पूर्वानुमान गर्ने र जोखिम व्यवस्थापन गर्ने उनको क्षमता विशेष नै लाग्छ । यसबाट उनले फाइदा लिन सकेका पनि छन् । २००० वर्ष अगाडि एरिस्टोटलले अगाडि सारेको फस्ट प्रिन्सिपल थिङ्किङ भन्नाले कुनै पनि चीजको मूलभूत आधारहरूको ज्ञान भन्ने बुझिन्छ । धेरैले यो सिद्धान्तको प्रयोग गरेको भए तापनि एलन मस्कले स्पेश एक्समा गरेको प्रयोगलाई सबैले बुझ्छन् । उनले अन्तरिक्ष यानको मूल्य के कसरी घटाउन सकिन्छ भनेर यो थिङ्किङको प्रयोग गरेका थिए ।

एलन मस्क एक इन्जिनीयर अनि एक सफल उद्यमी मात्र रहेनन् । उनी त विश्वकै धनी व्यक्ति पनि बने । सन् २०२१ सेप्टेम्बर २७ मा टेस्लाको कमाइ अरूको भन्दा अगाडि आयो । पछि यो कम्पनीको बजार मूल्य घटेको हुँदा उनी धनी व्यक्ति भइरहन सकेनन् तर उनी बढी धनी १० जनामा अहिले पनि छन् ।

एलन मस्कको जीवनबाट सिक्नुपर्ने विषय

असफल हुनासाथ नआत्तिने र धैर्यतापूर्वक त्यसबाट के कसरी बाहिर निस्कने र सफल कसरी बन्ने भन्ने रणनीति बनाउन सक्ने र निरन्तर आफ्नो मिसनमा अग्रसर हुने व्यक्तिका रूपमा एलन मस्क चिनिन्छन् । टेलिफोन बूकको अवधारणामा स्थापना भएको जिपटु नामक कम्पनीमा शुरूमा लगानी जुटाउन धौधौ परेको भए तापनि यसको अनलाइन भर्सन थालनी भएपछि लगानी जुट्यो र उनले यसबाट नाफा कमाएरै छाडे । उनको नवीन क्षमताकै कारण पेपल नामक कम्पनीमा सहलगानी गर्ने अवसर जुट्यो ।

सन् १९९९ मा पेपललाई सबैभन्दा कमजोर व्यावसायिक आइडिया भनेर समेत प्रचार गरियो तर यसलाई प्रयोगकर्ताको पक्षबाट इनोभेट गरेर अनलाइन वा लेटको रूप दिएपछि भने यसले सफलताको भऱ्याङ चढ्यो । टेस्ला नामक कम्पनी डुब्नै लाग्दा र स्पेश एक्स लगभग अब डुब्यो भनेपछि पनि उनले जसोतसो लगानी जुटाए र अगाडि बढ्ने क्रममा यी दुवै कम्पनी चर्चाको शिखरमा पुगे र सफल पनि बने । उनको ट्विटरमा रहेको संलग्नता पनि विवादमुक्त रहेन । तथापि उनले ट्विटरलाई पनि चर्चामा ल्याउन सके । यी उदाहरणबाट के देखिन्छ भने यदि आफ्नो रुचिको क्षेत्रमा स्वप्रेरित भएर लागिपऱ्यो भने सफलता टाढाको विषय होइन ।

उनको जीवनबाट पाइने आठवटा सन्देशलाई यसरी बुँदामा राख्न सकिन्छः

- असफलता र त्यसले दिने पीडाबाट सिक । असफलताबाट सिक्दै र धैर्यतापूर्वक कमजोरी हटाएर अगाडि बढ्नु उपयुक्त बाटो हो । यदि असफलता झेल्न सिकिएन भने नवप्रवर्तनकारी बन्न सकिंदैन ।
- विज्ञ र पुस्तकबाट सिक । कम्पनी वा सङ्गठन राम्रो हुने भनेको राम्रा व्यक्तिहरूबाट नै भन्ने विश्वास उनीमा देखिन्छ ।
- महत्त्वाकाङ्क्षी लक्ष्य निर्धारण गर । निजी तवरबाट स्थापना गरिएको स्पेश एजेन्सीले मङ्गल ग्रह कब्जा गर्ने र भविष्यका लागि वैकल्पिक बस्तीको विषय उठान गर्नु कम्ती महत्त्वाकाङ्क्षी हैन तर उनको क्षमता हेरेर यो विषयलाई उत्सुकतापूर्वक हेरिरहेका छन् । यसरी लक्ष्य राख्दा लामो समयपछि परिणाम आउने प्रोजेक्टका लागि पनि हेरेर अल्पकालीन फाइदाका लागि मात्र मरिमेट्नुहुँदैन भन्ने उनका लक्ष्यहरूले सिकाउँछन् ।
- आफ्नो कामको जिम्मा आफैं लिने गर । आफ्नो जिम्माको काममा हरेक पक्षको जानकारी राख्ने र परिणामप्रति आफूले जिम्मेवारी लिने गर्नु जीवनकै ठूलो कला हो । जुन कुरा गर्नु जरुरी छ, त्यो काम तुरुन्त गर । महत्त्वपूर्ण काममा ढिलाइ गर्दा आफू त पछाडि परिन्छ नै । अर्को सोही कामको लागत पनि बढी पर्ने हुन्छ ।
- काम गर्ने तरीकालाई सरलीकृत गर । परिवर्तनमा रमाऊ । काम गर्ने तरीका परिवर्तन गरेर पनि आफ्नो प्रोजेक्ट या भनौं जीवनलाई सरल बनाउन सकिन्छ ।
- आफूमा विश्वास राख । आफ्नो सोच वा लक्ष्यप्रति विश्वास राख्दै निरन्तर र कडा परिश्रमका साथ लागिपर्नु आवश्यक छ । "म गर्न सक्छु" भन्ने दृढ अठोट राख्नु सफलताका लागि महत्त्वपूर्ण छ ।
- हरेक नयाँ काम र आवश्यकता उपर प्रश्न गर । स्वभावतः जुन आवश्यक छ भनिएको छ, त्यो गलत हुन्छ । जबसम्म आवश्यक छ भनेर सत्य साबित नभएको होस् ।

एलन मस्कले विभिन्न समय र क्रममा अभिव्यक्त गरेका केही भनाइबाट समेत उनको जीवन मार्ग र विचारका सम्बन्धमा अनुमान लगाउन तथा केही सिक्न सकिन्छ । केही भनाइहरू यहाँ समेट्न खोजिएको छ :

- सामान्य व्यक्तिमा समेत असामान्य व्यक्तित्व बन्ने सम्भावना रहन्छ ।
- यदि असफलताको अपेक्षा गर्दैनौं भने बुझे हुन्छ कि तिमी नवप्रवर्तनशील छैनौं ।
- सुन्दर र मानवीय भविष्यको लागि अहिले रहेका कतिपय समस्याको समाधानमा मेरो जोड छ । म पैसैका लागि मरिमेट्ने गर्दिनँ ।
- अन्तत्वगत्वा म मङ्गल ग्रहमा मर्न चाहन्छु ।
- लामो समय पर्खने कामका लागि हाम्रो जीवन छोटो छ ।
- आर्टिफिसियल इन्टेलिजेन्सको माध्यमले हामी राक्षसलाई काबुमा ल्याउँदैछौं ।
- धैर्यता निकै राम्रो गुण हो, म धैर्यवान् बन्न सिकिरहेको छु ।
- कुनै काम सम्भव छ भन्ने स्थापित गर्नु पहिलो पाइला हो, त्यसपछि त काम बन्ने सम्भावना हुन्छ नै ।
- कतिपय अवस्थामा कुनै व्यक्तिको ब्रेनलाई ज्यादा र उसको व्यक्तित्वलाई कम महत्त्व दिनु मेरो त्रुटि हो ।
- यो संसारमा धेरै राम्रा पुस्तक र मानिसहरू छन् । म पुस्तक पढ्छु र मानिसहरूसँग सल्लाह लिन्छु, सिक्छु ।
- सरकारले लगानी गर्छ भनेको सर्वसाधारण जनताकै तर्फबाट लगानी हो किनकि सरकारसँग हुने भनेकै जनताले तिर्ने कर वा शुल्कको पैसा हो ।

फेरि पनि उनकै कुरा

'स्पेस एक्स'को स्थापनाअघि उनले ८० प्रतिशत मेहनत इन्जिनीयरिङको अध्ययन र प्रयोगमा व्यतीत गर्थे भनिएको छ । उनले स्वयम् अध्ययनबाटै स्पेसक्राफ्टका चिफ इन्जिनीयर भएका हुन् । भनिन्छ कि उनले एक महीनामा ६० वटासम्म पुस्तक अध्ययन गरे । एलन मस्कको हालसम्मको जीवनबाट भनौं या उनको जीवनशैली, अभिव्यक्ति, जीवन भोगाइबाट सिक्ने, बुझ्ने र अवलम्बन गर्ने भनेको जीवनलाई कसरी महत्त्वपूर्ण तर नवीन क्षेत्रहरूमा प्रवेश गराउने, मानव मात्रका लागि कसरी उपयोगी हुनेगरी काम गर्ने तथा जरुरी कामहरूमा के कसरी प्रस्तुत हुने भन्ने नै देखिन्छ । उनीमा घमण्ड देखिंदैन तर काम गर्ने दृढ इच्छाशक्ति भने पाइन्छ । विश्वविद्यालयको कक्षामा नगएर पनि सिक्न सकिन्छ भन्ने सिद्ध गर्ने उनी थप एक उदाहरण हुन् । भनिन्छ कि एलन मस्कको माइन्डसेट एवं उद्यमी र काम गर्ने तरीका नै समस्या समाधान गर्ने खालको छ । भविष्यमा पनि मानव मात्रको हितका लागि उनका सफलताका कथा पढ्न पाइने आशा गर्न सकिन्छ ।

(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुन् । रासस)

ट्राफिकका ...

उपलब्ध गराए पनि ट्राफिक प्रहरीलाई प्रदूषणबाट बच्न कठिन छ ।

कार्य स्थानमा अझै पनि पूर्णरूपमा सकारात्मक विभेदको सिद्धान्त लागू नभएको अधिकारकर्मी बताउँछन् । अधिकारकर्मी मोहना अन्सारी गर्भवती हुनु सामान्य कुरा नभएको बताइन् । कुनै जीवनलाई जन्म दिने हो । यस्तो बेला मानसिक र शारीरिकरूपमा असर पर्छ । जुनसुकै कामकाजका महिला जो गर्भवती छन्, उनीप्रति कार्यालयले सहज बनाउनुपर्ने उनले बताइन् । "उहाँ प्रहरी मात्रै होइन, गर्भवती महिला पनि हुन् भनेर संवेदनशीलता अपनाउनुपर्छ," अन्सारी भन्छिन्, "कहिलेकाहीं मानवीय दृष्टिकोणले संरक्षण गर्ने नीति नै हुनुपर्छ ।" अन्सारीले गर्भवती प्रहरीको स्वास्थ्यको ख्याल गर्दै लैङ्गिक नीति बनाउनुपर्ने बताइन् ।

वातावरणविज्ञ डा केदार रिजालका अनुसार ट्राफिक प्रहरीले ध्वनि र वायु प्रदूषणको असर भोग्नुपरेको छ । वायुमा पाइने पिपिएम २.५ माइक्रोग्राम अत्यन्त हानिकारक हुन्छ । यो अति सूक्ष्म कण हुन् । जुन नाक, मुखको माध्यमबाट सीधैं फोक्सोमा पुग्छन् । फोक्सोमार्फत रगतमा मिसिएर छातीसम्बन्धी अनेक रोग देखा पर्न सक्छ । अर्को ध्वनि प्रदूषणको असर हो ।

डा रिजालले ट्राफिक प्रहरीले घण्टौं चर्को ध्वनिको सामना गर्दै काम गर्नुपर्ने हुँदा उनीहरूको श्रवण क्षमता र मानसिकतामा समेत असर पर्न सक्ने खतार भएको बताए । "चर्को ध्वनिले मानसिक तनाव बढी ल्याउँछ," उनी भन्छन्, "अनावश्यक हर्न बजाउने प्रवृत्तिको पीडा ट्राफिक प्रहरीले सहनुपरेको छ । उहाँहरूको स्वास्थ्यकै लागि भएपनि सवारी चालक सचेत भइदिनुपर्छ ।" त्यस्तै, ध्वनि प्रदूषणले खासगरी गर्भवती महिला ट्राफिक प्रहरीमा बढी असर पर्न सक्ने उनी बताउँछन् । त्यसै त गर्भवती अवस्था संवेदनशील विषय हो । चर्को हल्ला र धूलोमा घण्टौं खटिनुपर्दा गर्भवती महिला अरूको तुलनामा धेरै प्रभावित हुने सम्भावना रहन्छ । सुरक्षा अपनाएर ड्युटी पूरा गर्न सकिने उनी बताउँछन् ।

फरक समाचार

कहिले शुरू भयो डिजिटल मार्केटिङ

हालको समयमा डिजिटल मार्केटिङ इन्डस्ट्रिज विश्वको सबैभन्दा तीव्र गतिले उन्नति गर्ने उद्योगमध्ये एउटा हो । डिजिटल मार्केटिङको सुरुआत सन् १९९० को दशकमा शुरू भएको मानिन्छ, जब कम्प्युटर प्रविधिले तीव्र विकास गऱ्यो र इन्टरनेटको सुरुआत भयो । इन्टरनेट आएपछि इन्टरनेटमा मौजुद लाखौं उपयोगकर्तालाई लक्षित गरेर विज्ञापनलाई डिजिटल माध्यमबाट प्रदर्शित गरिन थालियो । यसैलाई डिजिटल मार्केटिङको सुरुआत मानिन्छ ।

Breakdown of Ad Spend

सन् २०२० सम्म यो उद्योग बिस्तारै-बिस्तारै अघि बढ्दै थियो तर त्यसै बेला कोरोना महामारी फैलियो । अचानक सम्पूर्ण आँकडा बदलियो, लाखौं-करोडौं मानिस घरमा बसेर रासन, औषधि, खाना, कपडा, इलेक्ट्रोनिक उपकरण आदि अनलाइनबाट किन्न थाले । हजारौं नयाँ स्टार्टअप शुरू भए । जसको कारण डिजिटल मार्केटिङ उद्योगमा धेरै जागीरको अवसर पनि उत्पन्न भयो । जस्तै सोसल मिडिया स्पेशलिस्ट, सोसल मिडिया मैनेजर, वेब डेभलपर, कन्टेन्ट मार्केटर, पिपिसी एक्सपर्ट, इमेल मार्केटर, डिजिटल मार्केटिङ एनालिस्ट र वेब एनालिस्ट आदि ।

इन्टरनेट उपलब्धताः इन्टरनेटको उपलब्धताको कारण डिजिटल मार्केटिङ निकै सजिलो हुन थाल्यो । मानिस आफ्नो स्मार्टफोन र कम्प्युटरको माध्यमबाट सजिलै इन्टरनेटको उपयोग गरेर किनमेल गर्न थाले र विज्ञापनबाट परिचित हुन थाले ।

बढ्दो इन्टरनेटको खपतः घरघरमा स्मार्टफोन र सस्तो इन्टरनेटको कारण इन्टरनेटको खपत निकै बढ्यो । मनोरञ्जन होस् वा समाचार होस् वा शिक्षा नै सबैजना इन्टरनेटमाथि निर्भर हुन थाल्यो । यसै कारण लाखौं ब्रान्ड र कम्पनी आफ्नो व्यापारको लागि इन्टरनेट उपयोगकर्तालाई लक्षित गरिरहेका छन् ।

सोसल मिडियाको प्रभावः सोसल मिडियाले डिजिटल मार्केटिङ क्षेत्रलाई धेरै हदसम्म परिवर्तन गरेको छ । आजका मानिस सोसल मिडियाको उपयोग साथी र परिवारसँग जोडिन मात्र प्रयोग गरिरहेका छैनन्, बरु उनीहरूले सेवा र उत्पादनको पनि खोजी गरिरहेका छन् ।

ठूलो मागः डिजिटल मार्केटिङ उद्योगमा युवाहरूको ठूलो मागको मुख्य कारण यही हो कि यो उद्योग निकै तीव्र गतिले उन्नति गर्दैछ । डिजिटल मार्केटिङले संसारलाई परिवर्तन गर्दैछ र यसमा काम गर्ने युवाहरूलाई नवीन प्रविधि र टुल्सबारे ज्ञान हुनुपर्छ ।

अनलाइन किनमेलः आजभोलिका मानिसले बढीजसो किनमेल अनलाइनबाट गर्छन् । डिजिटल मार्केटिङ उद्योगले पनि यस्ता व्यक्तिको लागि ठूलो अवसर पनि ल्याइदिएको छ । कोरोना महामारीपछि इकमर्स क्षेत्रको उचाइ बढिरहेको छ ।

डिजिटल मार्केटिङका यी चार ट्रेन्ड

मार्केटिङको एउटा अन्य ट्रेन्ड छ- डिजिटल मार्केटिङ । यो ती सबै अनलाइन मार्केटिङ गतिविधिका लागि उपयोग गर्न सकिन्छ, जुन इन्टरनेट र इलेक्ट्रोनिक मिडियाको माध्यमबाट गर्न सकिन्छ । आजको समयमा कम्पनी डिजिटल मार्केटिङको लागि अलग-अलग प्लेटफर्मको उपयोग गरिरहेका छन् । जस्तै वेबसाइट, सोसल मिडिया, इमेल र मोबाइल एप्लिकेशन । यसै कारण डिजिटल मार्केटिङ क्षेत्रमा सर्च इन्जिन अप्टिमाइजेशन (सिइओ), सोसल मिडिया मार्केटिङ (एसएमएम), मार्केटिङ एनालिसिस्ट, इमेल मार्केटिङ, भिडियो मार्केटिङ, फेसबूक विज्ञापन एक्सपर्टलगायत थुप्रै विकल्प छन् । यदि तपाई पनि बेरोजगार हुनुहुन्छ र सफलताको एडभान्स्ड वा मास्टर डिजिटल मार्केटिङको मेकर्सको माध्यमबाट तीनदेखि छ महीनाभित्र सिपालु बनेर डिजिटल क्षेत्रमा आफ्नो करिअर बनाउन सक्नुहुन्छ । हालका समयमा यी चार ट्रेन्डका कारणले पनि तपाईंले डिजिटल मार्केटिङ सिक्नुपर्ने हुन्छ ।

आधार आधारित मार्केटिङः आधार आधारित मार्केटिङ एउटा प्रचलित ट्रेन्ड हो । यस मार्केटिङमा ग्राहकको बारेमा जानकारी पत्ता लगाउनुपर्छ । जस्तै उनीहरूको नाम, उमेर, ठेगाना, इमेल आइडी, सोसल मिडिया अकाउन्ट आदि जम्मा गरेर यसको उपयोग गरी उनीहरूलाई प्रभावकारी ढङ्गले विज्ञापन देखाइने गरिन्छ ।

सोसल मिडिया मार्केटिङः सोसल मिडिया मार्केटिङ एउटा महत्त्वपूर्ण डिजिटल मार्केटिङ ट्रेन्ड हो । सोसल मिडियामा विज्ञापन देखाउनुको साथसाथै उत्पादन वा सेवाको विस्तारबारे बताउन र सञ्चार गर्नको लागि सोसल मिडिया प्लेटफर्मको उपयोग गरिन्छ । विभिन्न सोसल मिडिया प्लेटफर्ममा पोस्ट र विज्ञापन शेयर गरेर व्यवसायलाई आफ्नो विनिमय विवरणलाई ग्राहकसम्म पुऱ्याउन सक्छन् र ग्राहकसँग सम्बन्धित जानकारी प्राप्त गर्न सक्छन् ।

भिडियो मार्केटिङः भिडियो मार्केटिङ एउटा लोकप्रिय डिजिटल मार्केटिङ ट्रेन्ड हो, जुन अडियो र भिडियो सामग्रीको माध्यमबाट उत्पादन र सेवाको विज्ञापन गरिन्छ । आजको समयमा यो एउटा प्रभावकारी मार्केटिङ उपकरण साबित भइरहेको छ । अडियो र भिडियो सामग्रीको माध्यमबाट उत्पादन र सेवाको विज्ञापन गरिन्छ । र यसबाट उत्पादन र सेवाको बारेमा दिइएको विवरणलाई सजिलै सम्झाउन सकिन्छ । भिडियो विज्ञापन विभिन्न सोसल मिडिया प्लेटफर्ममा देखाउन सकिन्छ । जस्तैः युटचुब, इन्स्टाग्राम, फेसबूक, टिकटक, स्न्यापच्याट आदि ।

इन्फ्लुएन्सर मार्केटिङः आजभोलि इन्फ्लुएन्सर मार्केटिङ बढ्दो डिजिटल मार्केटिङ क्षेत्रको एउटा प्रमुख तरीका हो । यसमा मार्केटिङ कम्पनी सोसल मिडियामा लाखौं फ्लोअर्सको साथ अकाउन्ट चलाइरहेका इन्फ्लुएन्सर्सको प्रचारको सहारा लिन्छन् । इन्स्टाग्राम, फेसबूक र युटचुबमा इन्फ्लुएन्सर मार्केटिङको तरीका निकै बढेको छ । - प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

अन्तर्राष्ट्रिय समाचार

गाजा युद्धको व्यवस्थापनमा ‘गलती’ गरेको राष्ट्रपति बाइडेनको भनाइ

गाजा क्षेत्र, २८ चैत/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेनले हमास–इजरायल युद्धको अहिलेसम्मकै सबैभन्दा कडा आलोचना गर्दै इजरायली दृष्टिकोणलाई ‘गलत’ भनेका छन् ।

छ महीना लामो युद्धका कारण मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको भन्दै विश्वव्यापी आक्रोश बढेसँगै बाइडेनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले द्वन्द्व व्यवस्थापनलाई सही दिशा दिन नसकेको बताएका छन् । उनले गाजामा युद्धविरामको आवश्यकता दोहोऱ्याए ।

“मलाई लाग्छ, उहाँले जे गरिरहनुभएको छ, त्यो गलती हो । म उहाँको दृष्टिकोणसँग सहमत छैन”–बाइडेनले स्पेनी भाषाको टिभी नेटवर्क युनिभर्सियनलाई दिएको अन्तर्वार्तामा भने ।

उनले नेतन्याहूलाई ‘युद्धविरामका लागि आह्वान गर्न, आगामी छदेखि आठ हप्ताका लागि अनुमति दिन र देशमा जाने सबै खाद्यान्न र औषधिमा पूर्ण पहुँच प्रदान गर्न’ आग्रह गरे ।

अमेरिका, कतारी र इजिप्टका मध्यस्थकर्ताहरूले युद्धविराम र बन्धक मुक्ति सम्झौतामा प्रगति खोजिरहेका बेला बाइडेनको यो टिप्पणी आएको हो, जसमा गाजापट्टीमा बढ्दो भोकमरी सङ्कट सम्बोधन गर्न सहायता वितरण बढाउने प्रस्ताव पनि गरेका छन् ।

इजरायलले सहायतामा कुनै प्रतिबन्ध नलगाएको र अमेरिका र संयुक्त राष्ट्रसङ्घको मागलाई पालना गरेको जनाएको छ ।

मानवीय सामग्रीको प्रवाह बढाउन कदम चाल्न इजरायल सरकारको नाममा सर्वोच्च अदालतबाट बुधवारसम्मको समयसीमा तोकिएको छ ।

इजरायलले राहत सामग्रीको प्रवेशमा प्रतिबन्ध लगाउँदा गाजावासीलाई आधारभूत सेवा प्रदान गर्न असफल भएको आरोप लगाउने पाँच गैरसरकारी संस्थाहरूले यो मुद्दा उठाएका थिए ।

तस्वीर: एजेन्सी

प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय युएनआरडब्लुएले मङ्गलवार भनेको छ–“अनिकालको खबर पछि फेब्रुअरी र मार्चमा ४० प्रतिशतभन्दा बढी खाद्यान्न वितरण अभियान वञ्चित गरिएको छ। मार्चपछि कुनै पनि युएनआरडब्लुएका खाद्य सामग्री बोकेका गाडीलाई अनुमति दिइएको छैन ।”

मानवतावादीहरूले इजरायलले गाजामा भोकमरीलाई युद्धनीतिको रूपमा प्रयोग गरेको आरोप लगाएका छन्, जहाँ संयुक्त राष्ट्रसङ्घका विशेषज्ञहरूले गाजाको जनसङ्ख्याको झन्डै आधा अर्थात् ११ लाख व्यक्तिले ‘घातक’ खाद्य असुरक्षाको सामना गरिरहेको बताएका छन् ।

कोगाट नामक समुद्रपार आपूर्ति गर्ने इजरायली निकायका अनुसार आइतवार र सोमवार ७४१ वटा सहायता ट्रक गाजा प्रवेश गरेका छन् भने मङ्गलवार थप ४६८ वटा ट्रक गाजा प्रवेश गरेका छन्।

अक्टोबर ७ मा युद्ध शुरू हुनु अघि दैनिक करीब ५०० ट्रकले गाजालाई आपूर्ति गर्थे ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) की प्रशासक सामन्था पवारले पछिल्ला दिनमा गाजामा आपूर्तिका लागि समुद्री क्षेत्रमा परिवर्तन देखिएको तर इजरायलले अझै धेरै गर्न आवश्यक रहेको बताइन् ।

उनले मङ्गलवारको सुनुवाइका क्रममा अमेरिकी सांसदसँग भनिन्–“गाजा र सुपरमार्केटमा अनिकालजस्तो अवस्था छ भने खाद्यान्न प्रवेशका लागि बाटो अवरोध हुँदा केही किलोमिटर टाढा खाद्यान्नको राश लागेको छ ।”

ह्वाइट हाउसले इजरायलले युद्धविरामका लागि ‘केही कदम अघि बढाएको’ बताएको छ भने हमासको प्रतिक्रिया ‘उत्साहजनकभन्दा कम’ रहेको बताएको छ ।

पछिल्लो प्रस्ताव अनुसार छ हप्तासम्म युद्ध रोकिने, गाजामा रहेका करीब ४० महिला र बालबालिकालाई इजरायलले बन्धक बनाएका सयौं प्यालेस्टाइनी कैदीसँग आदानप्रदान गर्ने र दैनिक ५०० सम्म सहायता ट्रक गाजा प्रवेश गर्न दिने हमास स्रोतले जनाएको छ ।

हमासका नेता इस्माइल हनियेहले इजरायलले युद्ध अन्त्यको माग सम्बोधन गर्न असफल भएको आरोप लगाएका छन् भने इजरायली प्रधानमन्त्री नेतन्याहूले इजरायलले ‘आफ्ना सबै बन्धक’ घर फर्काउने र गाजा क्षेत्रबाट लडाकूहरूलाई हटाउने दोहोरो लक्ष्य हासिल गर्नुपर्ने बताएका छन् । रासस

जर्मनीमा आपराधिक गतिविधि बढ्दा

बर्लिन, २८ चैत/सिन्ह्वा

जर्मनीमा अपराध सन् २०१६ यताकै उच्चस्तरमा पुगेको जर्मनीका अधिकारीले बताएका छन् ।

सङ्घीय आपराधिक प्रहरी कार्यालयद्वारा अध्ययन गरी सार्वजनिक गरिएको प्रतिवेदनले युरोपकै सबैभन्दा ठूलो अर्थतन्त्र जर्मनीमा अपराधमा वार्षिक ५.५ प्रतिशतले वृद्धि भएको र सन् २०२३ मा यससम्बन्धी ५९ लाख ४० हजार मुद्दा दर्ता भएको जनाएको छ । उक्त प्रतिवेदनमा दुई लाख १४ हजारभन्दा बढी अर्थात् ८.६ प्रतिशतले हिंसात्मक अपराध बढेको देखिएको छ।

सरकारले कानूनीरूपमैं हिंसाविरुद्ध कडा कदम चाल्ने र यहाँ हिंसामा शून्य सहनशीलता लागू गराउने प्रयास भइरहेको सङ्घीय गृहमन्त्री न्यान्सी फेसरले बताइन् ।

उनले विशेषगरी आपराधिक गतिविधिमा बालबालिका, किशोरकिशोरी र विदेशीको सङ्ख्यामा तीव्र वृद्धि भएको बताइन् । प्रतिवेदनले यो तथ्याङ्क क्रमशः १२ प्रतिशत, ९.५ प्रतिशत र १३.५ प्रतिशतले बढेको देखाएको छ ।

हिंसा नियन्त्रणका लागि बनाइएका कडा नियम लागू गर्नुपर्ने र विदेशी अपराधी छिट्टै जर्मनीबाट फिर्ता हुनुपर्ने कुरामा गृहमन्त्री फेसरले जोड दिइन् ।

सन् २०२२ मा ‘अत्यधिक आप्रवासी तथ्याङ्क’ प्रकाशित गरेपछि सरकारले अवैध प्रवेश रोक्न कडा सीमा नियन्त्रण उपायहरू लागू गरेको छ ।

गत महीना रूसमा १४० जनाभन्दा बढीको ज्यान गएको आतङ्कवादी हमलालाई उद्धृत गर्दै ‘युरोपियन च्याम्पियनसिप–२०२४’ को समयमा सीमा नियन्त्रण अझ कडा बनाइने उनले बताइन्।

आतङ्कवादको खतरा तथा हालका वर्षमा अन्य अपराधमा पनि वृद्धि भएको छ । ‘फ्राइडरिच एबर्ट फाउन्डेशन’ द्वारा प्रकाशित सर्वेक्षण अनुसार विशेषगरी दक्षिणपन्थी विचार व्यापक हुँदै गइरहेको र आठ प्रतिशत मानिसले त्यस्ता विचार राख्ने गरेको उल्लेख गरिएको छ ।

जर्मन राजनीतिज्ञहरूले विदेशीद्वारा हुने आपराधिक कार्यलाई बढाइचढाइ नगर्न आग्रह गरेका छन् ।

ब्रान्डनबर्गका आन्तरिकमन्त्री माइकल स्टुबगेनले ‘आपराधिक गतिविधिमा लाग्ने विदेशी’ को सङ्ख्या चिन्ताजनक रहेको बताए । रासस

आजको राशिफल

मेष	सुयश	वृष	खर्चवृद्धि
मिथुन	धनलाभ	कर्कट	सफलता
सिंह	राज्यलाभ	कन्या	रोगभय
तुला	व्यापारवृद्धि	वृश्चिक	कडाश्रम
धनु	ज्ञानोदय	मकर	भयचिन्ता
कुम्भ	मित्रमिलन	मीन	अतिथिआगमन

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

दबाब र प्रभावमा नपरी प्रभावकारी काम गर्नुस् –गृहमन्त्री

जनकपुरधाम, २८ चैत/ रासस

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले स्थानीय प्रशासनले दबाब तथा प्रभावमा नपरी कानून कार्यान्वयनमा दक्षतापूर्ण र प्रभावकारीरूपमा काम गर्न सम्बद्ध अधिकारीहरूलाई निर्देशन दिएका छन् ।

तस्वीर: रासस

नेपाल सरकार, गृह मन्त्रालय र मधेस प्रदेश, गृह, सञ्चार तथा कानून मन्त्रालयको संयुक्त आयोजनामा बुधवार जनकपुरधाममा भएको प्रदेशस्तरीय सुरक्षा गोष्ठीपछि सञ्चारकर्मीसँग कुरा गर्दै गृहमन्त्री लामिछानेले वर्तमान सरकारले राम्रो काम गर्नेलाई पुरस्कृत र नराम्रो काम गर्नेलाई दण्डित गर्ने उल्लेख गर्दै सोही अनुसार जनहितमा काम गर्न निर्देशन दिए ।

गृहमन्त्री लामिछानेले मधेस प्रदेशको सुरक्षा संवेदनशीलता, खुला सीमा, लागूऔषध दुर्व्यसनी, मिटरब्याज, विपद् व्यवस्थापनलगायतका समस्या समाधान गर्न समन्वयात्मक ढङ्गले काम गर्नसमेत निर्देशन दिए । “मधेस प्रदेशका सुरक्षा संवेदनशीलता, यहाँका मूलभूत समस्या र चुनौतीको पहिचान गर्न यो गोष्ठीलाई महत्त्वपूर्ण ठानेको छु । अब प्रदेश तथा जिल्लास्तरीय सुरक्षा नेतृत्वले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरेर पहिचान भएका समस्या, लागूऔषध दुर्व्यसन नियन्त्रण, सवारी दुर्घटना न्यूनीकरण, अनुमति नलिईकन सञ्चालन गरेका र एउटा उद्देश्य लिएर अर्को काम गरेका सङ्घसंस्था वा व्यवसाय तत्काल बन्द गराउन निर्देशन दिएको छु,” उनले भने ।

मधेस प्रदेश धार्मिक पर्यटनका लागि महत्त्वपूर्ण स्थान भएकाले पर्यटन प्रवर्द्धनका लागि सहजीकरण, अनुचित लेनदेन (मिटर ब्याज) समस्याको समाधानका लागि पीडितको पक्षमा काम गर्ने तर व्यावहारिक लेनदेन र वैधानिक कारोबारलाई समेत मिटर ब्याजको रूपमा स्थापित गर्ने कार्य, सीमा सुरक्षा र सीमापार अपराध नियन्त्रण, कारागारलाई सुधारगृहको रूपमा विकास गर्न, विपद्का कारणले कुनै पनि नागरिकको ज्यान गुमाउन नपर्ने स्थिति सृजनाका लागि प्रभावकारीरूपमा काम गर्नसमेत निर्देशन दिएको गृहमन्त्री लामिछानेले बताए ।

कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशभित्र शान्ति सुरक्षाको अवस्थामा थप सुधार गर्न आवश्यक रहेको र त्यसका लागि सुरक्षा निकाय तथा स्थानीय प्रशासनसँग आवश्यक सहयोग तथा समन्वय गर्न प्रदेश सरकार तयार रहेको बताए ।

मधेस प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले मधेस प्रदेशलाई शान्ति, सुरक्षा तथा अपराध नियन्त्रणका हिसाबले अब्बल प्रदेशको रूपमा विकास गर्न आफूहरू क्रियाशील रहेको बताए ।

गृहसचिव एकनारायण अर्यालले स्थानीय प्रशासनले सेवाप्रदायक मात्र नभएर कानूनबमोजिम काम भए नभएको नियमन गर्ने नियामकको भूमिकामा समेत प्रस्तुत हुनुपर्ने भन्दै सोही अनुसार काम गर्नुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रममा अर्थसचिव कृष्णहरि पुस्कर, नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, नेपाली सेनाका उपरथी प्रेमध्वज अधिकारीलगायत मधेस प्रदेशका आठै जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो ।

जरी लामा रहेनन्

प्रस, वीरगंज, २८ चैत/

ठोरी गाउँपालिका-५ सुवर्णपुर निवासी स्थानीय वरिष्ठ राजनीतिज्ञ जरी लामाको बिहीवार निधन भएको छ ।

तत्कालीन सुवर्णपुर गाविसका अध्यक्ष रहेका लामा लामो समय नेपाली काङ्ग्रेससँग आबद्ध थिए । पछिल्ला समयमा उनी जनता समाजवादी पार्टीको पर्सा जिल्ला उपाध्यक्षसहितको पदमा रहेर काम गरेका थिए । गत २०७९ सालको आमनिर्वाचनमा जसपाबाट विद्रोह गरेर उनी प्रदेशसभा सदस्यमा स्वतन्त्र उम्मेदवार बनेका थिए ।

६९ वर्षीय लामा लामो समयदेखि क्यान्सरबाट पीडित थिए । उनको भारत र काठमाडौंमा उपचार सम्भव नभएपछि केही दिनअघि ठोरी गापा-५ सुवर्णपुरस्थित घरमा ल्याएको र आज साढे ५ बजे उनको निधन भएको ठोरी गापाकी उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले बताइन् ।

निकुञ्जमा पुरुषको शव बरामद

प्रस, पंचगावाँ, २८ चैत/

पटेर्वासुगौली गाउँपालिका-१ राष्ट्रिय निकुञ्जको जङ्गलमा बुधवार एकजना पुरुषको शव फेला परेको छ ।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले दुधेश्वर महादेव (भाठा) मन्दिरको गेटदेखि एक किलोमिटरको दूरीमा करीब ६० वर्षीय पुरुषको शव बरामद भएको बताए । उनले शव शल्यपरीक्षणका लागि नारायणी अस्पताल पठाएको र प्रतिवेदन आएपछि मृत्युको कारण खुल्ने बताए । उनले घटनाबारेमा अनुसन्धान भइरहेको बताएका छन् ।

वर्ष २०८० ...

भए तापनि अन्ततः विषयवस्तुले नै आकर्षण गर्नुपर्छ ।”

जोखिम उठाउन चाहने चलचित्रकर्मीले नयाँ अनुहारलाई लिएको पाइन्छ। किनकि स्थापित अनुहारले केही हदसम्म लगानी सुरक्षित गर्न मदत गर्ने विश्वास छ । यस वर्ष पर्दामा देखिएका नयाँ अनुहारले अभिनयमा सम्भावना देखाए पनि अधिकांशले निर्माताको लगानी सुरक्षित गर्न सकेनन् । यद्यपि जोखिम नमोल्ने हो भने नयाँले अवसर पाउँदैनन् ।

आउँदो वर्ष विसं २०८१ मा चलचित्र ‘११:५५’मार्फत सागर खनाल, चलचित्र ‘फर्कीफर्की’मार्फत रवि काफ्ले र समृद्धि अर्याल, चलचित्र ‘बलिदान’मार्फत अभिनेता विराज भट्टका छोरा समीर भट्टलगायत सम्भावना बोकेका नयाँ अनुहारले अभिनयमा पाइला टेक्दै छन् । उनीहरूले पाएको अवसरलाई निरन्तरता कसरी दिन्छन् यो भने आउँदो समयले नै थाहा दिनेछ ।

निजगढ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
निजगढ, बारा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८०/१२/२९ गते)

यस कार्यालयद्वारा मिति २०८०।११।१५ गते निजगढ नगरपालिकास्थित देहायका वडाहरूमा सडक निर्माण कार्यका लागि सिलबन्दी बोलपत्र आवानको सूचना प्रकाशित भएकोमा तोकिएको म्यादभित्र दर्ता हुन आएका देहायका बोलपत्र स्वीकृतिका लागि छनोट भएकाले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ (१) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	ठेक्काको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अङ्क (मूअकरबाहेक)
Road/W/NCB/01/2080–81	Construction Of Road Of Nijgadh Municipality, Ward No.12, Nijgadh Bara	सिद्धार्थ निर्माण सेवा, कोल्हवी–२, बारा	रु २९,८०,०७०/– (उन्नातीस लाख असी हजार सत्तरी रुपैयाँ मात्र)
Road/W/NCB/02/2080–081	Construction Of Road and Retaining Wall Of Jamuna PainiNijgadh, ward No.6, Bara	जन्मभुमेश्वर निर्माण सेवा प्रा.लि., काठमाडौं	रु २५,२७,१५०/– (पच्चीस लाख सत्ताइस हजार एक सय पचास रुपैयाँ मात्र)
Road/W/NCB/03/2080–081	Construction Of Ring Road for ward no 10,12,13, Nijgadh, Bara	सिद्धार्थ निर्माण सेवा, कोल्हवी–२, बारा	रु ६७,९८,०७५/– (सतसट्ठी लाख अन्ठानब्बे हजार पचहत्तर रुपैयाँ मात्र)

–प्रमुख प्रशासकीय अधिकृत

बहुदरमाई नगरपालिकाको तीनटोलिया र फुलकौलबीचको गहुँ खेतमा बुधवार आगलागी भएको छ। आगलागीबाट करीब चार बिघा गहुँखेतीमा क्षति पुगेको प्रहरीले जनाएको छ। आगलागी वारुणयन्त्रको सहयोगमा नियन्त्रणमा लिइएको छ। तस्वीरः नितेश कर्ण/प्रतीक

वन समूहका अध्यक्ष सिद्धबहादुर थापासहित ११ जना धरौटीमा रिहा

प्रस, निजगढ, २८ चैत/

तस्वीरः प्रतीक

वन क्षेत्र अतिक्रमण, आबादी गरी खेतीपाती गर्ने, वन क्षेत्रको जमीन किनबेचमा साक्षी बस्ने वन मुद्दाको अभियोग लागेका बारा निजगढ नगरपालिका–२ सिंगौलस्थित वनदेवी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सिद्धबहादुर थापा गत माघ २५ गते चार लाख रुपैयाँ धरौटीमा रिहा भएको दुई महीनापछि यही चैत १६ गतेसम्म ११ जना प्रतिवादीले ११ लाख २५ हजार रुपैयाँ धरौटी बुझाएर तारेखमा रिहा भएका छन्।

बारा जिल्ला अदालतका न्यायाधीश प्रकाश राउतको आदेशमा अध्यक्ष थापासहित प्रतिवादीहरूलाई धरौटी माग गरिएको बारा जिल्ला अदालतका श्रेस्तेदार लालबहादुर कार्कीले बताए।

धरौटी बुझाएर अहिलेसम्म निजगढ नपा–२ सिंगौलस्थित वनदेवी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष थापाले चार लाख, शशी कटुवालले एक लाख, नेत्रबहादुर पाख्रिनले एक लाख, राधाकृष्ण पुडासैनीले दुई लाख, गणेशबहादुर लोप्चनले ५० हजार, केशवप्रसाद उपाध्यायले ५० हजार, झलकबहादुर राईले ५० हजार, उत्तमकुमार आलेले ५० हजार, भोजबहादुर डासेलीले ५० हजार, यज्ञबहादुर क्षेत्रीले ५० हजार र इलमबहादुर थापाले २५ हजार धरौटी बुझाएर तारेखमा छुटेको बारा जिल्ला अदालतले जनाएको छ।

डिभिजन वन कार्यालय, बाराले वन समूहका अध्यक्ष थापालाई गत पुस २८ गते पक्राउ गरी अनुसन्धान पश्चात् मुद्दा चलाएको थियो। सरकारी वकीलले अदालतमा मुद्दा दायर गरेपछि गत माघ २५ गते थुनछेक बहसको क्रममा न्यायाधीश राउतबाट धरौटीमा रिहा गर्ने आदेश भएको थियो। हाल निजगढ नपा–२ सिंगौलस्थित वन क्षेत्र अतिक्रमण र आबादी गराएको उजूरी परेपछि अध्यक्ष थापासहित २६ जनाविरुद्ध बारा जिल्ला अदालतले गत भदौ १५ गते पक्राउ पुर्जी जारी गरेको थियो। सोही प्रकरणमा अनुसन्धानको क्रममा वन कार्यालय बाराले विद्यालय, मठमन्दिर, गुम्बा, विभिन्न सङ्घसंस्था गरी ५२ जनाविरुद्ध मिसिल तयार गरी सरकारी वकीलको कार्यालयमा पेश गरे पनि सरकारी वकीलको कार्यालयले ३५ जनाविरुद्ध मात्रै अदालतमा मुद्दा दायर गरेको डिभिजन वन कार्यालय, बाराका प्रवक्ता एवं वन अधिकृत जवाहरलालप्रसाद कुर्मीले बताए।

दायर मुद्दामा निजगढ नगरपालिकाका अमिरीलाल चौधरी र सोही वडाका भोलाप्रसाद तिमल्सिनाको भने निधन भइसकेको छ।

सामुदायिक वन समूहको वन क्षेत्र आबादी गराएको आरोपमा २०७३ असार २० गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजूरी परेको थियो। अख्तियारले २०७७ असार ११ गते निर्णयसहित दोषी देखिएका व्यक्तिमाथि कारबाही प्रक्रिया अघि बढाउन डिभिजन वन कार्यालय बारालाई पटकपटक निर्देशनात्मक पत्राचार गरेको र सोही क्रममा सतर्कता केन्द्रमा उजूरी परेसँगै २०७९ पुस २१ गते आवश्यक कारबाही अघि बढाउन सतर्कता केन्द्रबाट पनि निर्देशनात्मक पत्राचार डिभिजन वन कार्यालय, बारालाई पठाएसँगै वन कार्यालयले यस घटनामा तीव्रताका साथ अनुसन्धान अघि बढाएको थियो।

अतिक्रमणमा दोषी देखिएका व्यक्तिविरुद्ध बारा जिल्ला अदालतले गत भदौ १५ गते २६ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेसँगै करीब चार महीनापछि गत पुस २८ गते निजगढ नगरपालिका–२ सिंगौलस्थित वनदेवी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष थापालाई निजगढ सबडिभिजन वन कार्यालय, भमराले नियन्त्रणमा लिएको थियो। अनुसन्धानको क्रममा वन क्षेत्रको एक कट्ठा जमीन किनबेच गरेको लिखत वन कार्यालय र २० कट्ठा वन क्षेत्रको जमीन किनबेच गरेको लिखतको प्रमाणले गैरकानूनी कार्यमा संलग्न व्यक्तिहरूको सङ्ख्या बढेर ५२ जना पुगे पनि ३५ जनाविरुद्ध मात्रै सरकारी वकीलको कार्यालयको रायसुझावको आधारमा मुद्दा दायर गरिएको थियो।

तत्कालीन माओवादी सशस्त्र द्वन्द्वताका फँडानी गरिएको सो वन क्षेत्रमा स्थानीय समाजसेवी, सचेत स्थानीय, गाउँलेहरूले मानवबस्ती बस्न रोक लगाए पनि हाल ११ घर रहेको वन कार्यालयले जनाएको छ। अतिक्रमण गरिएका वन क्षेत्रमा सार्वजनिक, सामुदायिक विद्यालय, मठमन्दिर, गुम्वा, सङ्घसंस्था सञ्चालनका लागि जमीन भागबन्डा गरी सो वन क्षेत्रको जमीनमा खेतीपाती गर्न ठेक्कासमेत लगाउँदै आइरहे पनि अहिले कुनै गतिविधि अघि बढेका छैनन्। यस वन क्षेत्रमा डिभिजन वन कार्यालय, बाराले तारबार गरी वन प्रजातिका बिरुवा रोपण गर्ने योजनाअनुरूप विभिन्न समयमा सो क्षेत्रमा निरन्तर निगरानी बढाइरहेको डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिभिजनल वन अधिकृत विनोद सिंह बताए।

सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधैं लगआउट गरौं।
- अरूलाई आफ्नो एकाउन्टको पासवर्ड थाहा नदिऔँ।
- साथीभाइ वा अन्यको तस्वीर तथा श्रव्यदृश्य खिच्नुअघि र सामाजिक सञ्जालमा राख्नुअघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाउने ठाउँमा भेट्न नजाऔं।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, तस्वीर तथा श्रव्यदृश्य साझा नगरौं।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोस्ट वा साझा नगरौं।
- शङ्कास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

आजको कार्यक्रम

सि.नं.	आयोजक	कार्यक्रम	स्थान	समय
जानकारीमा आएन				

खेलकूदको संसार

आयोजकलाई पराजित पार्दै पुलिस सेमिफाइनलमा

प्रस, सिमरा, २८ चैत/

तस्वीरः सौजन्य

विभागीय टोली नेपाल पुलिस क्लब जगदम्बा स्टील १४औं जीतपुरसिमरा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। बुधवार राति सिमरा रङ्गशालामा भएको क्वाटरफाइनल खेलमा पुलिसले आयोजक नवजनजागृति युवा क्लब सिमरालाई घरेलु मैदानमा पराजित गऱ्यो। आयोजकलाई २–१ गोलअन्तरले हराउँदै पुलिसले अन्तिम चारमा आफ्नो स्थान पक्का गरेको हो। पुलिसको जीतमा दुवै गोल उज्ज्वल राईले गरेका थिए भने आयोजक टीमका लागि मोहित गुरुङले पेनाल्टी गोल गरेका थिए।

खेलको तेस्रो मिनटमैं आयोजकविरुद्ध पुलिसले अग्रता बनाएको थियो। आयोजकको समर्थनमा सिमरा रङ्गशालामा उपस्थित करीब आठ हजार घरेलु दर्शकलाई निराश पार्दै पुलिसका लागि उज्ज्वल राईले उत्कृष्ट सुरुआत गरेका थिए। राइट कर्नर एरियाबाट आयोजकका डिफेन्डरलाई छक्याउन सफल सुजन मगरको पासमा उज्ज्वलले गोल गरेका थिए।

सुरुआती दबाबमा परेको आयोजक खेलको पाँचौं मिनेटमा पेनाल्टीमार्फत गोल गर्दै खेलमा फर्कियो। पुलिस क्लबका नीरज खड्काले आयोजक टीमका मोहित गुरुङलाई डिबक्सभित्र फाउल गरेपछि फिफा रेफ्री प्रज्वल थापामगरले आयोजकलाई पेनाल्टीको अवसर प्रदान गरेका थिए। पेनाल्टीमार्फत गोल गर्दै मोहित गुरुङले खेललाई बराबरीमा ल्याएका थिए।

खेलको १९औं मिनेटमा उज्ज्वल राईले गोल गर्दै पुलिसको अग्रता दोब्बर पारे। डिबक्स बाहिरबाट आयोजकका डिफेन्डरलाई छक्याउँदै बल अघि बढाएका उज्ज्वलले उत्कृष्ट गोल गर्दै टीमको अग्रता दोब्बर पारे।

प्रतिस्पर्धात्मक खेलको पहिलो मध्यान्तरमा भएको गोल नै पुलिसको जीतमा निर्णायक बन्यो। दुवै टीमले अन्तिमसम्म सङ्घर्ष गरेका थिए। खेलमा दुवै टीमले आकर्षक अवसरहरू सिर्जना गरे पनि गोल हुन सकेन। खेलको ११औं मिनेटमा पुलिसका उज्ज्वल राईले पेनाल्टी एरियामा पाएको अवसर खेर फाले। सुजन मगरको पासमा उज्ज्वलले गरेको प्रहार फस्टबारनजीकबाट बाहिरिएको थियो।

खेलको १२औं मिनेटमा आयोजकले गोल गर्ने सुन्दर अवसर गुमायो। नीरज कार्कीले पुलिसका गोलरक्षकलाई छक्याइसकेको अवस्थामा गरेको प्रहार पुलिसका डिफेन्डर शिशिर चौधरीले उत्कृष्ट हेडिङ गर्दै गोललाइनबाट क्लियर गरेका थिए। खेलको ८८औं मिनेटमा पुलिसका आशिष राईले वन भर्सेस वनको अवसर खेर फाले। सेन्टर लाइनबाट एक्लै बल अघि बढाएका आशिष फिनिसिङमा चुक्दा आयोजकका डिफेन्डरले गोल हुनबाट रोके।

दोस्रो मध्यान्तरको इन्जुरी समयमा बराबरी गर्ने अवसर आयोजकले सदुपयोग गर्न सकेन। विवेक गुरुङको पासमा मोहित गुरुङको हेडिङ बल क्रसबार माथिबाट बाहिरियो। खेलमा आकर्षक अवसरहरू बनाए पनि फिनिसिङमा चुक्दा आयोजक नवजनजागृति युवा क्लब घरेलु मैदानमा निराश बन्यो।

खेलको 'म्यान अफ दी म्याच' पुलिसका उज्ज्वल राई भए। उनले शुभारम्भ कलेज अफ म्यानेजमेन्टले प्रायोजन गरेको १० हजार नगदसहित ट्रफी प्राप्त गरे। प्रतियोगिता अन्तर्गत बिहीवार नेपाल एपिएफ क्लब र फ्रेन्ड्स क्लबको बीचमा अन्तिम क्वाटरफाइनल खेल हुनेछ।

कराँतेमा नौ स्वर्णसहित १६ पदकका साथ बाग्मती प्रथम

भरतपुर, २८ चैत/रासस

चितवनको भरतपुरमा जारी प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत तेक्वान्दो र कराँते प्रतियोगिता सम्पन्न भएका छन्।

कराँतेका दुई विधा काता र कुमुते अर्थात् फाइटमा नौ स्वर्ण, तीन रजत र चार कांस्य पदकसहित १६ पदकका साथ बाग्मती प्रदेश प्रथम भएको छ। चार स्वर्ण, तीन रजत र दुई कांस्य पदकसहित कुल नौ पदकका साथ लुम्बिनी प्रदेश दोस्रो भयो भने तीन स्वर्ण, दुई रजत र पाँच कांस्य पदकसहित १० पदकका साथ सुदूरपश्चिम प्रदेश तेस्रो हुन सफल भयो।

कोशी प्रदेश एक स्वर्ण, छ रजत र छ कांस्य पदकसहित कुल १३ पदक जित्न सफल भयो भने कर्णालीले एक स्वर्ण, पाँच कांस्य पदकसहित छ पदक हात पाऱ्यो। गण्डकी एक रजत र पाँच कांस्य पदकसहित छ पदक, मधेस प्रदेश पनि एक रजत र सात कांस्यसहित आठ पदक जित्न सफल भयो। विजेताहरूलाई राष्ट्रिय खेलकूद परिषद्का पूर्वसदस्यसचिव एवं कराँतेका अध्यक्ष युवराज लामा, बाग्मती प्रदेशसभा सदस्य ईश्वर सापकोटा, प्रदेश खेलकूद विकास परिषद् बाग्मतीका सदस्यसचिव सूर्य भण्डारीले पुरस्कार वितरण गरे।

बक्सिङतर्फ विभिन्न तौल समूहका क्वाटरफाइनल तथा सेमिफाइनलका खेल सम्पन्न भएका छन्। यस्तै, चित्रवन रङ्गशालामा एथलेटिक्सका खेल सम्पन्न भएका छन्। पुरुष तथा महिला भलिबल भरतपुर महानगरपालिका–१० स्थित गेस्टहाउस चौरमा जारी छ। ब्याडमिन्टन भरतपुर कबर्डहलमा भइरहेको छ। ब्याडमिन्टनमा पुरुष टीम इभेन्टमा कोशी प्रदेश प्रथम भएको छ भने बाग्मती दोस्रो, कर्णाली र लुम्बिनी प्रदेशले तेस्रो स्थान हासिल गरेका छन्।

त्यस्तै, महिला टीम इभेन्टतर्फ पनि कोशी प्रदेश नै प्रथम भएको छ। कर्णाली प्रदेश दोस्रो, गण्डकी र बाग्मती प्रदेशले तेस्रो स्थान हासिल गरेका छन्। अन्य इभेन्टका फाइनल खेल हुँदैछन्। बखान स्मृति रङ्गशालामा जारी महिला फूटबलतर्फ मङ्गलवार क्वाटरफाइनल चरणका खेल सम्पन्न भएका छन्। आजदेखि सेमिफाइनल खेलहरू शुरू भएका छन्।

पौडीमा २७ स्वर्णसहित ५३ पदकसहित बाग्मती प्रथम

अन्तरप्रदेश राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत पौडी प्रतियोगितामा बाग्मती प्रदेश २७ स्वर्ण पदकसहित ५३ पदकका साथ प्रथम स्थान प्राप्त गर्न सफल भएको छ। लेक ट्वान्टी थाउजन्ट हवेलीमा भएको प्रतियोगितामा बाग्मतीले २७ स्वर्ण, १९ रजत र सात कांस्य पदकसहित ५३ पदकका साथ प्रथम स्थान हासिल गरेको हो।

प्रतियोगितामा सुदूरपश्चिम प्रदेश तीन स्वर्ण, आठ रजत र सात कांस्यसहित १८ पदकका साथ दोस्रो स्थानमा रह्यो। कोशी प्रदेशले तीन रजत, १३ कांस्यसहित १६ पदकका साथ तेस्रो स्थान हासिल गऱ्यो। लुम्बिनी प्रदेश तीन कांस्य पदकसहित चौथो स्थानमा रह्यो भने मधेस र गण्डकी प्रदेशले एउटा पनि पदक जित्न सकेनन्। दुई दिनसम्मको प्रतियोगितामा ९० पदकका लागि प्रतिस्पर्धा भएको थियो। प्रतियोगिताको दोस्रो दिन मङ्गलवार १७ इभेन्टमा खेल भएका थिए।

नयाँ वर्षमा पानीमा भलिबल प्रतियोगिता

गलकोट (बागलुङ), २८ चैत/रासस

नयाँ वर्षमा बागलुङको गलकोटमा पानीमा भलिबल प्रतियोगिता हुने भएको छ। विदेशमा सामुद्रिक किनार या पौडी पोखरीमा भलिबल खेले पनि नेपालमा नयाँ अभ्यासका रूपमा बागलुङको गलकोटमा तीन वर्षदेखि पानीमा भलिबल (वाटर भलिबल गेम) प्रतियोगिता आयोजना हुँदै आएको छ।

गलकोट नगरपालिका–३ चीसापानीस्थित दरमखोला रेम्बो ट्राउट एग्रो रिसोर्टले प्रतियोगिता आयोजना गरेको हो। रिसोर्टमा रहेको पौडी पोखरी (स्विमिङ पुल)मा भलिबल खेलको प्रतियोगिता नयाँ वर्षका अवसरमा आयोजना गरिएको छ। यही चैत ३० गते र आगामी वैशाख १ गते पानीमा भलिबल प्रतियोगिता आयोजना गरिएको दरमखोला रेम्बो ट्राउट एग्रो रिसोर्टका सञ्चालक हुम थापाले बताए।